सुशासनका निम्ति सबैले आवाज उठाउनुपर्छ : सरस्वती बजिमय | पृष्ठ ३ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ३३३ • २०८१ साल बैशाख १९ गते बुधबार (1 May, Wednesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## महादेवामा भीषण आगलागी
## २ सय घर खरानी

टुडे समाचारदाता

राजविराज । सप्तरी जिल्लाको महादेवा गाउँपालिकाको वडा नम्बर १ चिम्टी टोलमा मंगलवार भएको भीषण आगलागीले २ सय घर जलेर खरानी भएको छ।

महादेवा गाउँपालिकाका अध्यक्ष सुनिल कुमार मण्डलले जनाए अनुसार चिम्टि टोलमा दिउँसो ३ बजे तिर हावाहुरी चलेको बेला आगलागी हुँदा २ सय घर जलेर खरानी भएको छ । आगलागीले चिम्टीको मुसहरी र यादव वस्तीमा भारी क्षति पुगेको छ।

स्थानीय शत्रुघन यादवको गाइगोठमा राखेको परालको थुप्रोबाट सल्किएको आगोले २ सय घर जलेको अध्यक्ष मण्डलले बताए । 'समयमा नियन्त्रणको उपाय हुन नसक्दा ६७ परिवारको २ सय घर खरानी भएको हो ' उनले भने, दिनभरिको प्रचण्ड गर्मी र दिउँसो चलेको हावाहुरीको बेला भएको आगलागीले केही समयमै ठूलो क्षति भयो।

आगलागीलाई नियन्त्रणमा लिन कञ्चनरुप नगरपालिका, हनुमाननगर कंकालिनी, शम्भुनाथ नगरपालिकाको वारुण यन्त्रका साथै प्रहरी , नेपाली सेना, सशस्त्र प्रहरी लगायत स्थानीयवासीहरु जुटेका थिए ।

शत्रुघन यादवका साथै छिमेकी गणेशी यादव, उपेन्द्र यादव, कौशल्यादेवी यादव, रामदेव यादव, सुकदेव यादव, नथुनी यादव, सचेन्द्र यादव, रन्जित यादव, सुभाष यादव, गोपाल यादव, रामदेव सदालगायत ६७ परिवारको घर खरानी भएको प्रहरीले जनाएको छ।

दुई करोड भन्दा बढीको धनमाल जलेको सप्तरी जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख एसपी गजुसिद्धि बज्राचार्यले जनाएका छन्।

आगलगीबाट अधिकांश टिनका छाना भएका तथा खरको छानो भएको र काठबाट बनेका घरहरु जलेका छन्। आगलागीमा २ दर्जन चौपाया, ट्र्याक्टर, थ्रेसर समेत जलेको प्रहरीले जनाएको छ । आगलागीमा २ करोड भन्दा बढीको क्षति भएको प्रारम्भिक अनुमान गरिए पनि ४ घण्टाको प्रयासले समेत आगलागी पूर्ण नियन्त्रणमा लिन झण्डै ४ घण्टा लागेको थियो। आगलागीबाट भएको क्षतिको यकिन विवरण संकलनमा केही समय लाग्ने एसपी गजुसिद्धीले जनाएका छन्।

आगलागीमा घर जलेका पीडितहरु खुल्ला आकाश मुनी खेतमा बसिरहेका छन्। अधिकांशको अन्न, बाली, लत्ताकपडा जलेकाले ठूलो पीडा भएको छ । पीडितहरुलाई तत्काल राहत उपलब्ध गराउन पालिका लगायत विभिन्न निकायहरुलाई आव्हान गरिएको छ।

यसअघि सप्तरीको कंचनरुप नगरपालिका- ५ स्थित पडेरामामा वैशाख ९ गते आगलागी हुँदा २४ घर जलेर नष्ट भएको थियो।

### बैंकमा चोरको ताला
## १ करोड ३४ लाख ६५ हजार चोरी, रकम मिलाउन १ दिन लाग्यो

अनिल तिवारी

वीरगञ्ज। प्रहरीले तस्करीको सामान बरामदमा लागेको बेला मधेश प्रदेशको एकमात्र वीरगञ्ज महानगरपालिकामा झण्डै १ करोड ३४ लाख ६५ हजार रुपैयाँको अनौठो चोरी भएको छ।




वीरगञ्जको वाइपासमा रहेको निजी क्षेत्रको एउटा बैंकमा भएको चोरीले प्रहरीलाई समेत चकित बनाएको छ । आवश्यकता जति रकम चोरेपछि चोरले बैंकलाई सुरक्षित राख्न आफूसँगै ल्याएको ताल्चा लगाइदिएका थिए । वीरगञ्जको लक्ष्मुना चोकस्थित बाइपासमा रहेको नबिल बैंकको शाखाबाट यस प्रकारको अनौठो चोरी भएको छ। जिल्ला प्रहरी कार्यालय पर्सामा परेको जाहेरीमा १ करोड ३४ लाख रुपैयाँ चोरी भएको उल्लेख छ।

बैंकको सो शाखामा सोमबार विहान चोरी भएको बताइएको छ। चोरले चदराको बाकसमा राखिएको १ सय ५० र २० दरका नोट मात्र लगेका छन्। चोरी भएको रकम यकिन गर्न बैंकलाई पूरा १ दिन नै लाग्यो। बैंकले मंगलबार मात्र चोरी भएको रकम यकिन गरी जिल्ला प्रहरी कार्यालय पर्सामा जाहेरी दिएको छ । पर्साका प्रहरी नायव उपरीक्षक कुमार बिक्रम थापाले बैंकमा चोरी भएको उजुरी परेको पुष्टि गरेका छन्।

बैंकमा लगाइएको ताला चोरले काटेर भित्र प्रवेश गरेपछि चदराको बाकस फुटालेर रकम चोरी गरेको प्रहरीको अनुसन्धानमा देखिएको छ। तर भल्टमा रहेको १ हजार, ५ सय दरका नोट चोरले लग्न सकेको छैन। भल्टको ताल्चा काट्न नसकेको कारण १ हजार र ५ सय दरका झण्डै २ करोड रुपैयाँ जोगिएको छ । रकम यकिन गर्न कठिनाइ भएको बताउँदै बैकका एक कर्मचारीले भने,' चोरले सबै रुपैयाँ चोरेको रहेन छ।' त्यसमा पनि रकम लिएर निस्कदा बैंकमा नयाँ ताल्चा लगाएको ती कर्मचारीले जनाए।

कर्मचारीको मिलेमतोमै बैंकमा योजनाबद्ध रुपले चोरी भएको आंशका गरिएको छ। कटरले ताल्चा काटी भल्ट फोडेर रकम चोरी भएको छ। विश्वसनीय स्रोतका अनुसार भल्टमा भएको ३ करोड भन्दा बढी रकम मध्ये १ करोड ३४ लाख ६५ हजार रुपैयाँ मात्र चोरी भएको छ।

'चोरले बैंकबाट बोरामा रुपैया लगेको हो' डीएसपी थापाले भने, बैंकमा रकम चोरिएको भेउ विहान कर्मचारी पुग्दा पाएका थिए।

शाखा कार्यालय रहेको घरधनीको सामानसमेत चोरी भएको भेउ पाएको प्रहरीले जनाएको छ । बैंकमा चोरी भएकै कारण सोमबार सो शाखाको सबै कारोबार बन्द गरिएको थियो । बैंकले सोमबार विहानै बाहिर पर्खालमा सूचना टाँसेर सबै कारोबार बन्द रहेको जनाएको थियो । 'यस शाखामा विशेष कारणवस कारोबार हुन नसकेकोले नजिकैको वीरगञ्ज शाखा र पावरहाउस शाखाबाट कारोबार गरिदिनुहुन अनुरोध गर्दछौं ' सूचनामा उल्लेख गरिएको छ, यसबाट ग्राहक वर्गमा पर्न गएको असुविधाप्रति क्षमाप्रार्थी छौं।'

सोमबार बिहान ९ बजे कर्मचारीले बैंक खोल्न जाँदा गेटमा नयाँ ताल्चा लगाएको देखेपछि प्रहरीलाई खबर गरिएको डीएसपी थापाले बताए।

सूचना पाउने बित्तिकै प्रहरी सोमबार बिहान सवा ९ बजे नै घटनास्थल पुगेको थियो। चोरले लगाएको नयाँ ताल्चा प्रहरीको रोहवरमा फोडेर भित्र हेर्दा भल्ट सुरक्षित रहे पनि चदराको बाकसबाट रकम झिकेको र केही रुपैया र कागजपत्र छरिएको अवस्थामा देखिएको उनले बताए।

बैंकले सुरक्षा गार्ड नराखेको र बैंक भएको भवनमा कुनै कर्मचारी समेत नरहने गरेको उनले बताए। भित्रको सीसीटीभी बिग्रेकोले बाहिर रहेको कैमराबाट फुटेजहरु झिकिएको छ' उनले भने, अनुसन्धानको क्रममा केही कर्मचारीसित सोधपुछ भइरहेको छ।

बैंकमा मंगलबार कारोबार भए पनि कर्मचारीहरु डराएका देखिन्थे । प्रहरीले भने चाँडै घटनामा संलग्न रहेकाहरुलाई नियन्त्रणमा लिने दाबी गरेको छ।

पर्सा जिल्ला प्रहरी कार्यालय हाल तस्करीका सामान बरामद गर्दै राजस्व बढाउनमा लाग्दा बजारमै रहेको बैंकमा ताला फोडेर १ करोड ३४ लाख बढी रकम बोरामा हालेर लग्दा पनि प्रहरीले सुइको समेत पाएन। बैंकमै भएको भारी चोरीको घटनाले सुरक्षा व्यवस्थाप्रति गम्भीर प्रश्न उठेको छ।







# नक्कली नोटसहित दुई पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । सीमावर्ती तराई क्षेत्रमा कारोबारीहरु पटक पटक समातिए पनि नक्कली नोटको कारोबार रुकेको छैन ।

मधेश प्रदेशको बारा, पर्सा र रौतहटका प्रहरीले नेपाली नक्कली नोटसहित कारोबारीहरुलाई पक्राउ गरे पनि कारोबारको जरो पत्ता लगाउनमा असफल देखिएको छ ।

पर्सा प्रहरीले नक्कली नोटसहित फेरि पनि दुई जनालाई पक्राउ गरेको छ । पर्सा प्रहरीले वीरगञ्जको घण्टाघरबाट एक भारतीय र एक नेपालीलाई पक्राउ गरेको छ । नक्कली नोटसहित भारत पश्चिमी चम्पारण बेतिया भावल पञ्चायत-४ का ३० वर्षीय क्यामुदिन मियाँ र बारा प्रसौनी गाउँपालिका-२ बस्ने ४० वर्षीया हलिमा खातुनलाई नेपाली रुपैयाँको हजारको नक्कली नोटसहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।



“ नक्कली नोटसहित भारत पश्चिमी चम्पारण बेतिया भावल पञ्चायत-४ का ३० वर्षीय क्यामुदिन मियाँ र बारा प्रसौनी गाउँपालिका-२ बस्ने ४० वर्षीया हलिमा खातुनलाई नेपाली रुपैयाँको हजारको नक्कली नोटसहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

उ न ी ह रु ल ा इ ँ वीरगञ्ज महानगरपालिका-९ स्थित घण्टाघर सडकबाटै नेपाली १ हजार दरको १ सय २३ थान नक्कली नोटसहित सोमबार राति पक्राउ गरिएको पर्साका प्रवक्ता बिक्रम थापाले बताए ।

भारतबाट नेपालतर्फ आउँदै गरेको अवस्थामा पक्राउ गरेको दुवै व्यक्तिबाट एक लाख तेइस हजार नक्कली नोट बरामद भएको नक्कली नोटसहित नियन्त्रणमा लिई मुद्दा सम्बन्धी कसूरमा थप अनुसन्धान कार्य भइरहेको उनले बताए ।

# विनयको घटनाबारे उजुरी दर्ता गर्न आग्रह

**टुडे समाचारदाता**

जनकपुरधाम । पत्रकार विनय कुमार यादवको मृत्यू घटनामा प्रहरीको कमी कमजोरी, अनुसन्धान प्रक्रिया र सुस्तताप्रति खेद प्रकट गरेको नेपाल प्रेस यूनियन धनुषाले जनाएको छ ।

धनुषाधाम नगरपालिका-५ स्थित नौ सय विघा बस्ने पत्रकार २९ वर्षीय पत्रकार विनय कुमार यादवको मृत्यू प्रकरणमा धनुषा प्रहरीले बेवास्ता गरेको भन्दै प्रेस यूनियन धनुषाका सचिव हरिवंश यादवले ध्यानाकर्षण भएको जनाउँदै प्रहरीको रवैयाप्रति खेद प्रकट गरेको छ ।

परिवारजनको आरोप अनुसार दिवंगत पत्रकार यादवको हत्याको आशंका तथा विभिन्न सञ्चारमाध्यममा आएको प्रमाणहरु, आशंकाहरुको आधारमा उनको हत्या भएको हुन सक्ने उनले बताए ।

पत्रकार यादवलाई योजनावद्ध तरिकाले फसाएर सुनुयोजित हत्या भएको हुन सक्ने उनले बताए ।

उनले भने, ‘विनयको दुर्घटना भएको प्रमाण, तथ्यहरु, सिसिटिभी फुटेज, कल डिटेल्स, सवारी चालक ललन भन्ने लक्ष्मीनारायण यादवको अप्रत्यासित र उल्टो बयानले पत्रकार यादवको हत्या भएको आशंका झन् गहिरिँदै गएको भएपनि प्रहरीले यसलाई सवारी ज्यानतर्फ मोडन खोजेको र पीडित परिवारलाई पटक पटक फोन गरी सवारी ज्यानमै जाहेरी दिन बल गरेकोले प्रहरीलाई यस्तो प्रवृति नदेखाउन सचेत गराउन चाहन्छौं ।’

विनय घटनाको उजुरी दर्ता गरिदिन प्रहरीसंग उनले आग्रह गरे ।

पत्रकार विनय कुमार यादवको घटना सुरुदेखि नै शंकास्पद रहेकोले यसलाई उच्चस्तरीय तवरले छानबिन, अनुसन्धान गरी दोषीलाई कारवाहीको दायरामा ल्याउनु पर्ने उनले माग गरे ।

# ‘एमाले सरकार परिवर्तनको पक्षमा छैन’



**टुडे समाचारदाता**

वीरगञ्ज । नेकपा (एमाले) का वरिष्ठ उपाध्यक्ष तथा पूर्व उपप्रधानमन्त्री ईश्वर पोखरेलले एमाले अहिले सरकार परिवर्तनको पक्षमा नरहेको बताएका छन् ।

मंगलबार वीरगञ्जमा प्रेस चौतारीले आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै उनले नेपाली कांग्रेससँग गठबन्धन गरेर सरकार परिवर्तन गर्ने पक्षमा नरहेको बताए ।

वरिष्ठ उपाध्यक्ष पोखरेलले एमालेको उद्देश्य यस अघिको अपवित्र गठबन्धन भत्काउने रहेको र त्यसमा सफल भइसकेकाले नयाँ बनेको समीकरण तोड्ने पक्षमा नरहेको स्पष्ट पारे ।

उनले राष्ट्र, राष्ट्रियताका पक्षमा सदा खडा रहने एमालेमा जनताको आस्था र विश्वास रहेको अहिले भर्खरै सम्पन्न उपनिर्वाचनले स्पष्ट पारेको टिप्पणी गरे । उनले एमाले अस्थिरताको राजनीतिलाई स्थिर बनाउनेतिर लागिपरेको जिकिर गरे ।

## काठमाडौंमा प्रदूषण बढ्यो, मास्क लगाउन आग्रह

**काठमाण्डु** । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले काठमाडौंमा वायु प्रदूषण बढेकाले मास्क लगाउन आग्रह गरेको छ । मन्त्रालयले काठमाडौंको वायु विश्वकै अस्वस्थकरको सूचीमा अग्रस्थानमा रहेको उल्लेख गर्दै वायु प्रदूषणबाट जोगिन अनिवार्य मास्क लगाउन आग्रह गरेको हो ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले काठमाडौंमा वायु प्रदूषणक अत्यधिक रहेकाले सकेसम्म घर बाहिर अनावश्यक ननिस्कन, यात्रा नगर्न र अत्यधिक प्रदूषित क्षेत्रबाट टाढा रहन अनुरोध गर्नुभयो । विश्वभरिको वायुप्रदूषणको अवस्था मापन गर्ने ‘वर्ल्ड एयर क्वालिटी इन्डेक्स-र्‍याकिङ’ अनुसार काठमाडौंको वायु विश्वकै अस्वस्थकरको सूचीमा अग्रस्थानमा छ ।

“वायु प्रदूषणले मुटु तथा रक्तनली, फोक्सो, मस्तिष्क, आँखा, नाक, कान, घाँटी आदिमा असर पु¥याउनुका साथै दम, क्यान्सर आदिको जोखिम पनि बढाउँछ । वायु प्रदूषणले गर्दा कम तौल भएको बच्चा जन्मने र अवधि नपुग्दै बच्चा जन्मने जोखिमसमेत हुन्छ,” प्रवक्ता बुढाथोकीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । नेपालमा वायु प्रदुषणबाट बर्सेनि हुने मृत्युमा बढीजसो पाँचवर्ष मुनिका बालबालिका, गर्भवती, दीर्घ रोगी र वृद्धवृद्धा बढी छन् । यसले नेपालीको औसत आयु चार दशमलव एक प्रतिशतले घटाएको तथ्याङ्क छ ।

नेपालमा रूग्णता तथा मृत्युको प्रमुख कारणमा वायु प्रदूषण प्रमुख रहेको विविध तथ्य र अनुसन्धानले देखाएको प्रवक्ता बुढाथोकी बताउनुहुन्छ । गर्मी समयमा तराईमा तातो हावा बहने र लू लाग्ने उच्च सम्भावना भएको हुँदा तातो हावा लागेको समयमा अनावश्यक बाहिर हिँडहुल नगर्न तथा झोलिलो पदार्थ पर्याप्त मात्रामा सेवन गर्न गराउनु हुन मन्त्रालयले अनुरोध गरेको छ ।रासस

# दलित र विपन्न रहेका रामविनयको उपचार खर्च मिनाहा

**टुडे समाचारदाता**

जनकपुरधाम । उपचार खर्च तिर्न नसक्दा करिब एक महिनादेखि निजी अस्पतालमै निको भएर शुल्क तिर्न नसक्ने अवस्था देखेपछि दलित तथा अति विपन्न परिवारका रामविनय महराको शुल्क मिनाहा गरेको छ ।

ज न क पु र धा म स्थित ब्रह्मपुरी चोकमा रहेको कृष्ण मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर अस्पतालमा मोटरसाइकल दुर्घटनामा गम्भीर घाइते भई उपचारका लागि पुगेका २२ वर्षीय रामविनयको उपचारमा करिब साढे सात लाख रुपैयाँभन्दा बढी रकम खर्च भएको अस्पतालले जनाएको छ ।

गम्भीर घाइते रहेका रामविनयको उपचारपछि निको भएपनि उपचारवापतको शुल्क तिर्न नसकेपछि उनी घर जान सकिरहेका थिएनन् ।

करिब एक महिना बितिसकेपछि पनि रकम तिर्ने अवस्था नदेख्दा उनलाई



सरोकारवालाको रोहबरमा अस्पतालले औषधि उपचारसहित करिब ६ लाख रुपैयाँसम्म मिनाहा गरिदिएको अस्पतालको सिइओ देवेन्द्र यादवले जानकारी दिए ।

रामविनयलाई राष्ट्रिय मानवअधिकार आयोग मधेश प्रदेशका प्रतिनिधि रेखा दत्त, मधेश प्रदेशका जनसंख्या तथा स्वास्थ्य मन्त्रालयका जनस्वास्थ्य प्रमुख सन्तोष ठाकुर, मुजेलीया प्रहरी चौकीका वरष्ठ हवल्दार प्रमोद साह, इन्सेकका प्रतिनिधि राजु पासमानलगायतको रोहबरमा अस्पतालका सिइओ यादवले करिब ६ लाख रुपैयाँ मिनाहा गरी डिस्चार्ज गरेका छन् ।

> रामविनयलाई राष्ट्रिय मानवअधिकार आयोग मधेश प्रदेशका प्रतिनिधि रेखा दत्त, मधेश प्रदेशका जनसंख्या तथा स्वास्थ्य मन्त्रालयका जनस्वास्थ्य प्रमुख सन्तोष ठाकुर, मुजेलीया प्रहरी चौकीका वरष्ठ हवल्दार प्रमोद साह, इन्सेकका प्रतिनिधि राजु पासमानलगायतको रोहबरमा अस्पतालका सिइओ यादवले करिब ६ लाख रुपैयाँ मिनाहा गरी डिस्चार्ज गरेका छन् ।

गत चैत १४ गते साँझ मोटरसाइकल दुर्घटनामा घाइते भएपछि रामविनयलाई अस्पताल भर्ना गरिएको थियो । निको भएपछि अस्पतालले उनलाई चैत २२ गते नै डिस्चार्ज पत्रसमेत दिएको थियो ।

अस्पतालका सिइओ यादवले दलित र विपन्न परिवार रहेको देखेपछि रामविनय महराको उपचार निःशुल्करुपमा गर्ने बताए पनि सो परिवारले फार्मेसीको रकम करिब ९० हजार रुपैयाँ तिरेको बताए ।

उनले अस्पतालमा उपचारवापत ६ लाख रुपैयाँभन्दा बढी खर्च भएको बताउँदै सिइओ यादवले ६ लाख रुपैयाँ मिनाहा गरी डिस्चार्ज गरेको बताए ।

# ‘संविधानको परिकल्पना र प्रेस स्वतन्त्रताको अभ्यासलाई कसैले सीमित गर्न सक्दैन’

**काठमाण्डु** । नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले संविधानको परिकल्पना र प्रेस स्वतन्त्रताको अभ्यासको दायरालाई कसैले पनि सीमित गर्न नसक्ने बताउनुभएको छ ।

मंगलबार आयोजित नेपाल पत्रकार महासङ्घ रासस प्रतिष्ठान शाखाको १०औँ वार्षिक साधारणसभा तथा नवौँ अधिवेशनमा उहाँले संविधानको भावना र चलिआएको अभ्यास नकार्दै प्रेस स्वतन्त्रतालाई खुम्च्याउन नमिल्ने जिकिर गर्नुभयो ।

“संविधानले समाचार प्रकाशनमा पूर्वप्रतिबन्ध नलगाइने प्रस्ट व्यवस्था गरेको छ । पूर्ण प्रेस स्वतन्त्रताको व्यवस्था संविधानको प्रस्तावनामा छ । हामीले गरिरहेको यो अभ्यासमाथि कहीँ कतैबाट खतराको घण्टी बज्नु उचित होइन”, अध्यक्ष पोखरेलले भन्नुभयो ।

सञ्चारमाध्यमले गरेको गल्तीमा टेकेर पछिल्ला समय समग्र मिडियामाथि प्रतिबन्ध लगाउने वा मिडियालाई खेद्ने र प्रेस स्वतन्त्रतालाई नियन्त्रणमा राख्ने मनसाय प्रकट हुन थालेको उल्लेख गर्दै उहाँले समाचारका विषयवस्तुको सत्यता पुष्टि गर्ने दायित्व सम्बन्धित सञ्चारमाध्यमकै भएको पनि स्पष्ट पार्नुभयो । संविधान र मुलुकको स्वतन्त्र प्रेसले गरिरहेको अभ्यासको फराकिलो आधारलाई खुम्च्याउनका लागि कसैको निर्देशन वा आदेश पर्याप्त हुन नसक्ने उहाँको स्पष्टोक्ति थियो ।



राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले प्रेस स्वतन्त्रताको सुई सरकारतर्फ मात्र नतेर्सने भएकाले यससँग सरोकार राख्ने सबै निकायले गम्भीर भएर सोच्नुपर्ने आवश्यकता औँल्याउनुभयो । “प्रेस स्वतन्त्रता तथा व्यावसायिक स्वतन्त्रताको पक्षमा महासङ्घ खरोरुपमा उत्रनुपर्छ”, महासङ्घका पूर्वअध्यक्ष झाले भन्नुभयो, “प्रत्येक कालखण्डमा श्रमजीवीको मुद्दा उठ्दै आइरहेको छ, त्यस्ता विषयलाई सम्बोधन गर्न महासङ्घ अगाडि आउनुपर्छ ।”

पछिल्ला समय प्रेस स्वतन्त्रताको मुद्दा पेचिलो बन्दै गइरहेको उल्लेख गर्दै अध्यक्ष झाले संविधानमा लेखेर मात्रै प्रेस स्वतन्त्रा सुनिश्चित नहुने बताउनुभयो । उहाँले पत्रकार महासङ्घलाई साझा चरित्र र स्वरुप भएको संस्थाका रुपमा विकास गरिनुपर्नेमा जोड दिनुभयो ।

राससको समाचार कक्षलाई पूर्णसमावेशी बनाइएको उल्लेख गर्दै अध्यक्ष झाले समाचारका विषयवस्तुलाई पनि समावेशी बनाएर लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो । पत्रकार तथा कर्मचारीको क्षमता अभिवृद्धि र वृत्तिविकासका लागि व्यवस्थापन क्रियाशील रहेको जनाउँदै उहाँले राससको समाचार कक्षको स्वतन्त्रतालाई पनि उच्च प्राथमिकता दिइएको बताउनुभयो । राससका महाप्रबन्धक सिद्धराज राईले सहमतिबाट नेतृत्व टुङ्ग्याउन आग्रह गर्दै प्रतिष्ठान शाखाबाट रचनात्मक सहयोगको अपेक्षा गरिएको बताउनुभयो । उहाँले पत्रकारको वृत्तिविकासमाव्यवस्थापनक्रियाशील रहेको जानकारी गराउनुभयो । नेपाल पत्रकार महासङ्घका महासचिव रोशन पुरीले पत्रकारितामा देखिएको विश्वव्यापी चुनौतीको सामना गर्दै पत्रकारितामा सूचना प्रविधिको प्रयोगलगायत विषयमा सञ्चारकर्मी सचेत हुनुपर्ने बताउनुभयो ।

महासङ्घ रासस प्रतिष्ठान शाखाका अध्यक्ष पवित्रा गुरागाईंले प्रतिष्ठान श्रमजीवीको पक्षमा सदैव क्रियाशील रहेको बताउनुभयो ।

कार्यक्रममा प्रेस चौतारी नेपाल रासस शाखाका सल्लाहकार प्रकाश सिलवाल, प्रेस सेन्टर राससका प्रतिनिधि अशोक घिमिरे र प्रेस युनियन रासस शाखाका अध्यक्ष पूर्णप्रसाद मिश्रलगायतले पत्रकार महासङ्घ प्रेस स्वतन्त्रता, पेसागत हकहित तथा श्रमजीवीको मुद्दामा केन्द्रित हुनुपर्ने बताउनुभयो ।रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : धन वृद्धि सञ्चय । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथून | : सुख समृद्धि हुने । |
| कर्कट | : भ्रमण अवसर हुने । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : पुरस्कार प्राप्त लाभ । |
| वृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : बौद्धिक क्षमता । |
| मकर | : प्रतिभा सम्पन्नता । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



विद्युत् सर्टकिट भएर आगलगी हुँदा सर्लाहीको धनकौल गाउँपालिका-२ स्थित मङ्गलवार सात वटा फुसको घर जलेर नष्ट भएको छ।　*तस्बिर : रासस*

# 'पोस्ट इन्भेष्टमेन्ट समिट इन्डिया-नेपाल बिटुबी मिट' आयोजना

**टुडे समाचारदाता**

काठमाण्डु । यहाँस्थित भारतीय राजदूतावासले नेपाल लगानी बोर्ड र नेपाल-भारत उद्योग वाणिज्य सङ्घसँगको सहकार्यमा मंगलबार 'पोस्ट इन्भेष्टमेन्ट समिट इन्डिया-नेपाल बिटुबी मिट' को आयोजना गरेको छ।




कार्यक्रममा नेपाल-भारत उद्योग वाणिज्य सङ्घको अध्यक्ष सृजना राणाले भारतीय र नेपाली व्यापारबीच सहकार्यका लागि जलविद्युत्, पर्यटन र कृषि सम्भावना बोकेको क्षेत्रको रुपमा रहेको बताउनुभयो। मिलेनियम इन्डिया इन्टरनेसनल चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्री (एमआइसीसीआइए) का अध्यक्ष राजदूत अनिल त्रिगुनायतले पछिल्लो द्विपक्षीय कनेक्टिभिटी पहलको सराहना गर्दै भारत-नेपाल आर्थिक साझेदारीलाई अघि बढाउन बिटुबी कनेक्सनको महत्व रहेको जानकारी दिएका छन्।

लगानी बोर्डका उपसचिव रमेश अधिकारीले भारतीय लगानीकर्तालाई नेपालमा व्यापार गर्न स्वागत गरे। काठमाडौँमा यही वैशाख १६ र १७ गते तेस्रो नेपाल लगानी सम्मेलन भएको थियो। ऊर्जा, कृषि, निर्माण, पर्यटन, कोल्ड चेन, मेडिकल उपकरण, वित्त, परामर्श र कानुन क्षेत्रलाई समेट्दै सो बैठकमा मिलेनियम इन्डिया इन्टरनेसनल चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्री (एमआइसीसीआइए) र नेपाल-भारत उद्योग वाणिज्य सङ्घका प्रतिनिधि सहभागीता थियो।

उक्त बिटुबी बैठकमा नेपाल-भारत उद्योग वाणिज्य सङ्घ र एमआइसीसीआइएबीच सहकार्यका लागि समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भयो। नेपालमा लगानी गर्ने भारतीय लगानीकर्ताका लागि लगानी सम्मेलनको एकदिन अगाडि अर्थमन्त्री वर्षमान पुनले सार्वजनिक गरेको तेस्रो संस्करणको पुस्तिकाको प्रतिलिपि भारतीय प्रतिनिधिलाई उपलब्ध गराइएको थियो।

# इलामको विकासको जिम्मा सुहाङले लिनेछन् : अध्यक्ष ओली



इलाम। नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले सुहाङ नेम्बाङले सांसदमा विजय हासिल गरेसँगै इलामले थप समृद्धि हासिल गर्ने विश्वास व्यक्त गर्नुभएको छ। प्रतिनिधिसभा सदस्य उपनिर्वाचनमा इलाम-२ बाट एमाले उम्मेदवार सुहाङ निर्वाचित भएपछि आज इलाम चोकबजारमा आयोजित विजय सभालाई सम्बोधन गर्दै उहाँले सो कुरा बताउनुभएको हो। "तपाईंहरुले युवा नेता सुहाङलाई जिताएर पठाउनुभयो, यसका लागि इलामको जनतालाई धन्यवाद दिन चाहन्छु ", अध्यक्ष ओलीले भन्नुभयो, " अब इलामको विकासको जिम्मा सुहाङले लिनेछन् र सुहाङको जिम्मा म लिनेछु।"

अध्यक्ष ओलीले देशलाई आर्थिकरुपमा समृद्ध बनाउने कार्ययोजना एमालेसँग मात्र भएको दाबी गर्नुभयो। उहाँले भन्नुभयो, "मुलुकलाई आर्थिकरुपमा बलियो र समृद्ध बनाउने कार्ययोजना एमालेसँग मात्र छ, अहिलेसम्मको सबै कामको नेतृत्व एमालेले नै गरेको छ।"

अध्यक्ष ओलीले सुवास नेम्बाङले थाल्नुभएको विकासको अभियानलाई पूर्णता दिनका लागि सुहाङ उपयुक्त पात्र रहेको उल्लेख गर्नुभयो। उहाँले सुवास जनताको लागि लड्ने योद्धा भएको स्मरण गर्दै उनका छोरा सुहाङ पनि योद्धा नै भएको दाबी गर्नुभयो। उहाँले भन्नुभयो, "सुवास त संविधानको निर्माता, एउटा सांसद, जनताका लागि लड्ने योद्ध हुनुहुन्थ्यो, योद्धाको छोरा पनि योद्धा नै हुन्छ।"

ओलीले आफ्ना उम्मेद्वार जिताउन सहयोग गरेको जनाउँदै नेकपा (माओवादी केन्द्र) समेत धन्यवाद दिनुभयो। कार्यक्रममा नवनिर्वाचित प्रतिनिधिसभा सदस्य सुहाङले इलामे जनताको लागि इमान र निष्ठापूर्वक काम गर्ने प्रतिबद्धता जनाउनुभयो। "म मेरो बाबुको अपूरो र अधुरो सपना पूरा गर्न राजनीतिमा आएको हुँ, इमान र निष्ठाका साथ जनताको काम गर्नेछु", उहाँले भन्नुभयो, "०८४ को निर्वाचनमा एमालेले जनताको घरघरमा भोट माग्नै नपर्ने गरी काम गरेर देखाउनेछु, इलामे जनता र मतदाताको शिर झुक्ने काम कहिले गर्ने छैन।"

कार्यक्रममा माओवादी केन्द्रका केन्द्रीय सदस्य एवं इलाम इन्चार्ज धीरेन्द्र शर्मा र नेकपाका केन्द्रीय सदस्य एवं इलाम इन्चार्ज सुमन सीले बामपन्थी गठबन्धनलाई जनताले अनुमोदन गरेको जनाउँदै धन्यावाद ज्ञापन गर्नुभयो।

सुहाङले कांग्रेसका उम्मेदवार डम्बरबहादुर खड्कालाई पाँच हजार आठ सय ३० मतको फराकिलो अन्तरले पराजित गर्नुभएको थियो। सुहाङले २७ हजार सात सय ७२ मत पाउँदा निकटतम प्रतिस्पर्धी खड्काले २१ हजार नौ सय ४२ मत प्राप्त गर्नुभएको थियो।रासस

## मतदाताको मतको सम्मान गरिने सांसद नेम्बाङको भनाई

**टुडे समाचारदाता**



इलाम। इलाम क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित सुहाङ नेम्बाङले मतदाताको मतदाताको मतको सम्मान गरिने बताएका छन्। नेपाल कम्युनिष्ट पार्टी (एमाले) का तर्फबाट नवनिर्वाचित प्रतिनिधिसभा सदस्य नेम्बाङले मतदाताको मतलाई शिरोपर गर्दै काम गर्ने प्रतिबद्धता व्यक्त गरेका हुन्।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले मंगलबार आयोजना गरेको प्रमाणपत्र वितरण कार्यक्रममा सांसद नेम्बाङले इलामेली मतदातालाई कुनै प्रकारको सङ्कोच नुहुने गरी काम गर्ने प्रतिबद्धता जनाएका थिए। "म मेरो बुबा (सुवासचन्द्र नेम्बाङ) को अपूरो र अधुरो सपना पूरा गर्न राजनीतिमा आएको हुँ, इलामे जनतालाई कुनै सङ्कोच नहुने गरी काम गर्नेछु," उनले भने, "मलाई निर्वाचित गराउनुभएकामा सम्पूर्ण मतदातामा धन्यवाद ज्ञापन गर्दछु।"

कार्यक्रममा सांसद नेम्बाङलाई मुख्य निर्वाचन अधिकृत केशवप्रसाद घिमिरेले प्रमाणपत्र प्रदान गरेका थिए। कार्यक्रममा सांसद महेश बस्नेत, कोशी प्रदेशसभा सदस्य रामबहादुर मगर राना, प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवसहित सुरक्षा निकायका प्रमुखको उपस्थिति थियो।

# सुशासनका निम्ति सबैले आवाज उठाउनुपर्छ : सरस्वती बजिमय



देश विकास गर्नका लागि सुशासन र भ्रष्टाचार नियन्त्रण पूर्वशर्त हो। सुशासन भएन भने अरु केही हुँदैन। भ्रष्टाचारमा डुब्नेहरुलाई कारबाही गर्नुपर्छ। मेरो पार्टी नेपाली कांग्रेसले भ्रष्टाचारका लागि कारबाही गर्ने नै कुरा उठाइरहेको छ। भ्रष्टाचार नियन्त्रण भयो भनेमात्र जनता सुखी हुन्छन्।

काठमाण्डु । वर्तमान संसदीय अभ्यासप्रति मेरा केही फरक मत छन्। संसद्मा जे पनि बोल्नहुने जस्तो देखिन्छ। संसदीय मर्यादाविपरीतका अभ्यास भइरहेको छ। एकअर्काको विरोध गर्नबाहेक केही नगरेको देखियो। देशको सामाजिक-आर्थिक विकासका लागि सदनमा प्रतिनिधित्वका सबै राजनीतिक दल एकजुट हुनैपर्छ। जुन देश कानुनी आधारमा अगाडि बढेका छन् र एकजुट भएका छन् ती देश नै विकासको पथमा बढेका देखिन्छ। एकापसमा सहयोग एवं समर्थन भएमा मात्र देशको उन्नति सम्भव हुन्छ।

देशमा भ्रष्टाचार अहिले निकै मौलाएको छ। आफूलाई नयाँ पार्टी भन्ने पनि देखावटीमात्र रहेछन् भन्ने कुरा घामजस्तै छर्लङ्ग भइसकेको अवस्था छ। सङ्गठित सहकारी अपराधमा परेर धेरै सर्वसाधारणको रकम ठगी भएको छ। धेरै जनताले दुःख पाएका छन्। बाहिर सबै छताछुल्ल भए पनि नयाँ दलमा आबद्ध नेताहरू केही नभएको जस्तो गरिरहेका छन्।

देश विकास गर्नका लागि सुशासन र भ्रष्टाचार नियन्त्रण पूर्वशर्त हो। सुशासन भएन भने अरु केही हुँदैन। भ्रष्टाचारमा डुब्नेहरूलाई कारबाही गर्नुपर्छ। मेरो पार्टी नेपाली कांग्रेसले भ्रष्टाचारका लागि कारबाही गर्ने नै कुरा उठाइरहेको छ। भ्रष्टाचार नियन्त्रण भयो भनेमात्र जनता सुखी हुन्छन्। कानुन नबनेका हुनाले कतिपय कुरामा अप्ठ्यारो परिस्थिति उत्पन्न भएको सुनिन्छ। कानुन निर्माणका सन्दर्भमा हामी विपक्षी पार्टीमा भए पनि सही कानुन बनाउन कुनै रोकटोक हुँदैन, गरेका छैनौँ। सहयोग नै हुन्छ। आवश्यक कानुन छिटोभन्दा छिटो संसद्‌बाट बनुन् भन्नेमा कांग्रेस प्रतिबद्ध छ।

देशका युवा र विद्यार्थी ठूलो सङ्ख्यामा विदेशिन थालेका छन्। जुन एकदम चिन्ताको विषय हो। मेरो मुख्य जोड भनेकै सूचना प्रविधि (आइटी) क्षेत्रमा विकास गर्नुपर्छ भन्ने हो। अनिमात्र युवा यहीँ टिक्छन्। नेपालमै युवालाई रोकेर राख्नुपर्छ। आइटी क्षेत्रलाई हरेक दृष्टिकोणबाट हेर्नुपर्छ। प्रविधि विकासमा बढी कर, भ्याट लगाउन थाल्यो भने युवा यहाँ बस्दैनन्। आइटी क्षेत्रमा रमाएका युवा विदेश पलायन हुनसक्ने खतरा भइरहन्छ।

के गर्दा युवा यहीँ रहन्छन् र देशमा भएकालाई कसरी सुविधा दिएर अझ अगाडि बढाउने भनेर राज्यले सोच्नुपर्छ, योजना ल्याउनुपर्छ। युवालाई यहीँ बसेर काम गर्ने वातावरण सिर्जना गर्नेतिर म पनि लाग्नेछु। आउँदो बर्खे अधिवेशनमा पनि यो विषयमा संसद्मा कुरा उठाउनेछु।

नेपाल कृषिप्रधान देश हो तर यस क्षेत्रमा अपेक्षित प्रगति हुन सकेको छैन। हामी कृषि उपजमा परनिर्भर छौँ। न सिँचाइ, न मलखादको राम्रो व्यवस्था छ। पहाडी इलाकामा बाँदरले दुःख दिने समस्याले बस्ती नै उजाड भएका छन्। कृषि क्षेत्रलाई विकास गर्न सकियो भने विदेशमा किन जानुपर्यो ? आफ्नै देशमा उत्पादन गरेर बेच्ने ता कि बाहिरबाट किन्नु नपरोस्। आफ्नै देशको उत्पादन बिक्री गर्यो भने पनि धेरै सहयोग हुन्छ। पर्यटन क्षेत्रलाई विकास गर्न सक्यौँ भने धेरै पर्यटक भित्र्याउन सकिन्छ।

म पहाडी जिल्ला खोटाङबाट प्रतिनिधित्व गर्छु। जिल्लामा बाटाघाटाको अवस्था निकै दयनीय छ। सडक धुलाम्मे र हिल्लामे छन्। कच्ची सडकमा दुर्घटना भइराख्छन्। यसले गर्दा जनताले दुःख पाएका छन्। जनसङ्ख्या कम भएको र पहाडी जिल्लालाई केन्द्रले हेर्ने दृष्टिकोण फरक पाएको छु। विकास निर्माणका लागि मन्त्री नै हुनुपर्नेरहेछ। मन्त्री भयो भने सबै बजेट जाने, नभए अरुलाई बजेट नै नदिने। अस्पताल सुविधायुक्त भए बिरामी पर्दा अन्यत्र जान नपर्ने भन्ने त्यहाँका मतदाताको माग छ। जुन जायज पनि छ। कृषिमा त्यस्तै अप्ठ्यारो छ। पानीको दुःख छ। पानीका मुहान सुक्दै गएका छन्। यस्ता गुनासालाई सम्बोधन चाहेर पनि गर्न सकिरहेका छैनौँ। त्यसकारण सरकारको ध्यान त्यतातिर जाओस् भनेर बेलाबेलामा सदनमा पनि आवाज उठाइरहेको छु। सदरमुकामकै हालत खराब छ भने गाउँको अवस्था झन् नाजुक छ। विकास निर्माणका काम सबैतिर बराबरी हुनुपर्छ भनेर आवाज उठाउँदै आइरहेको छु।खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बुको भाग छुनेगरी दूधकोशी आयोजना पनि चाँडै सञ्चालन हुनेमा म विश्वस्त छु। त्यो जलाशययुक्त आयोजना छ सय ३५ मेगावाट क्षमताको हो। आफूले मात्र अरुको सहयोग लिने होइन कि सहयोग दिनसक्ने राष्ट्र बनाउन एकजुट भएर लाग्न जरुरी छ।

मेरो जिल्लामा पर्यटन क्षेत्रमा विकासको पनि धेरै सम्भावना छन्। हलेसी मन्दिरमा बर्सेनि धेरै दर्शनार्थी आउँछन् तर त्यहाँ जाने बाटोमा भने सरकारले ध्यान दिनसकेको छैन। जयरामघाटबाट हलेसीसम्मको बाटो जताजतै भत्किएको छ। फेरि टालटुल हुन्छ फेरि भत्किन्छ। दिक्तेल बजारमा कालिकादेवी मन्दिर छ। त्यो पनि चर्चित छ। हलेसीसम्म आएका दर्शनार्थीहरू त्यो मन्दिरसम्म पनि जाउन् भन्नका लागि प्रचारप्रसारमा ध्यान दिन जरुरी देखिएको छ। त्यसैगरी अरु विभिन्न ठाउँ छन्, जहाँबाट निकै सुन्दर दृश्यावलोकन गर्न देखिन्छ। यी ठाउँको विकास गर्न सक्यौँ भने जिल्लामा पर्यटक भित्रिन्छन्। मेरो कार्यकालमा त्यतातिर ध्यान जानेछ।

हलेसीको तुवाचुङ नगरपालिकामा लिफ्टिङ खानेपानी योजना मेरै पहलमा भएको हो। तर कहिले बिग्रिँदै कहिले बन्दै गरेकाले त्यहाँका जनताले राम्ररी पानी खान पाइरहेका छैनन्। अहिले केन्द्रबाट धेरै योजना नदिने अवस्था छ। पहिले सिँचाइ योजना, खानेपानी, बाटोघाटोमा बजेट प्रशस्त गरिएको थियो। जब नेपाली कांग्रेसले सरकार छाड्यो त्यसपछि अर्थतन्त्र क्षेत्रमा डामाडोल भयो। भविष्यलाई जम्मा गरेको पुँजी सबै सिद्धियो। नचाहिने योजनाजस्तै भ्यूटावरमा पैसा खन्याएर अर्थतन्त्र रित्तो भयो। भविष्यका लागि सोचेर देशलाई अप्ठ्यारो नपार्ने स्थिति राख्यो भने अवश्य देश विकास हुन्छ।

जनताले हामीलाई सुझाव दिन जरुरी छ। देशको प्रगतिका लागि उहाँहरूले हामीलाई चुनेर पठाउनुभएको हो। सुशासनका निम्ति सबैले आवाज उठाउनु पर्छ। देशलाई समृद्धिको मार्गमा अग्रसर गराउन स्वदेशमा रोजगारीका अवसर सृजना गर्दै उनीहरूलाई विदेश पलायनबाट रोक्न सरकार, निजी क्षेत्रका साथै समाजका हरेक वर्गको सक्रिय सहयोग आवश्यक छ।

सरस्वती बजिमय समानुपातिक निर्वाचन प्रणालीमार्फत नेपाली कांग्रेसबाट प्रतिनिधिसभा सदस्य चुनिनुभएको हो। बजिमय दोस्रोपटक समानुपातिक सांसद बन्नुभएको हो। उहाँ २०७० सालमा पनि सांसद हुनुभएको थियो।रासस

# सर्वोच्चको आदेशप्रति प्रेस चौतारीको ध्यानाकर्षण

**टुडे समाचारदाता**

काठमाण्डु।प्रेस चौतारी नेपालले सिधा कुरा डटकम अनलाइन र युट्युब च्यानलको 'द डार्क फाईल' शृंखलाअन्तर्गत प्रकाशित सामग्रीका सन्दर्भमा सर्वोच्च अदालतले दिएको आदेशप्रति ध्यानाकर्षण भएको जनाएको छ।

चौतारीका उपमहासचिव शुरोजङ्ग पाण्डेले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा उक्त आदेशप्रति ध्यानाकर्षण भएको जनाएको हो। "संविधानको अन्तिम व्याख्याता, मौलिक अधिकारका संरक्षक, न्यायका लागि जनताको आशाको केन्द्रका रुपमा स्थापित सम्मानित सर्वोच्च अदालत जस्तो गरिमामय संस्थाले संविधान प्रदत्त मौलिक हकमाथि प्रतिबन्ध लगाएको" विज्ञप्तिमा उल्लेख छ।

नेपालको संविधानको मौलिक हकअन्तगर्त धारा १९मा सञ्चारको हकअन्तर्गत विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्वप्रतिबन्ध नलगाइने सुनिश्चत गरेको छ। प्रकाशन, प्रसारण गरेबापत प्रतिबन्ध नलगाउने, छापा वा अन्य सामग्री जफत नगर्ने, दर्ता खारेज नगर्ने व्यवस्था छ।सर्वोच्च अदाललते सोमबार उक्त अनलाइनले प्रकाशन गरेको समाचार २४ घण्टाभित्र हटाउन आदेश दिएको थियो।


# श्रमिकको सुरक्षा र लगानीमैत्री वातावरणमा जोड : चेम्बर अफ कमर्स

काठमाण्डु। नेपाल चेम्बर अफ कमर्सले श्रमिक वर्गको सुरक्षा, लगानीमैत्री वातावरणमार्फत आर्थिक समृद्धि हासिल गर्नुपर्नेमा जोड दिएको छ। एक सय ३५ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा शुभकामना सन्देश जारी गर्दै चेम्बरले सम्पूर्ण श्रमजीवीको हकहित र अधिकारको पक्षमा रहेको जनाएको हो।

नेपालको संविधान २०७२ ले श्रमसम्बन्धी हकलाई मौलिक हकको रुपमा व्याख्या गरेको भन्दै चेम्बरले सामाजिक सुरक्षा कोषलाई अझै प्रभावकारी बनाउनुपर्ने जनाएको छ। श्रमसम्बन्धी ऐन नियममा समयसापेक्ष सुधार र संशोधन गर्नुपर्ने भन्दै चेम्बरले रोजगारदाता र श्रमिकबीचको पारस्परिक सम्बन्धले उत्पादन र उत्पादकत्व बढ्ने उल्लेख गरेको छ।

"चेम्बरले श्रमिकको स्वास्थ्य सेवालाई सहज र प्रभावकारी बनाउनसमेत सरकारसँग माग गरेको छ", शुभकामना सन्देशमा भनिएको छ, "स्वास्थ्य सेवामा श्रमिकको पँहुच सहज बनाउनका लागि विशेष पहल हुन जरुरी छ।"

सरकार, निजी क्षेत्र र श्रमिक वर्गको संयुक्त पहलबाट मात्रै मुलुकमा लगानीमैत्री वातावरण निर्माण, रोजगारी सिर्जना एवं उत्पादन वृद्धिमार्फत आर्थिक समृद्धि हासिल गर्न सकिने चेम्बरले जनाएको छ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# उपचुनावको संकेत

इलाम २ को प्रतिनिधि सभा र बझांगको १ प्रदेश सभामा सम्पन्न उपचुनावको परिणामले देशमा कम्युनिष्ट पार्टीहरुलाई एक भएर अगाडि बढने संकेत गरेको छ। काठमाण्डुमा रहेर देश हाँक्ने शीर्ष नेताहरुको चाहना विपरीत इलाम र बझांगमा मत परिणाम आएको छ । एमालेका दुबै उम्मेदवार विजयी हुनुमा एमालेको एकल मत मात्र होइन। बझांग र इलाम दुबै निर्वाचन क्षेत्रमा बाम घटकहरुले एमालेका उम्मेदवारको पक्षमा मतदान गरी वाम घटकहरु एकजुट हुने संकेत गरेको छ । इलाममा स्वतन्त्र उम्मेदवार, राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)ले चुनावको नतिजालाई प्रभावित गर्ने धेरै अनुमान गरिएको थियो ।तर त्यस्तो केही देखिएन । सत्ता गठबन्धनमा रहेर चरम असन्तुष्टि व्यक्त गरिरहेका नेकपा एसका अध्यक्ष माधव कुमार नेपालको प्रभाव शून्य देखियो । एमालेका उम्मेदवार निर्वाचित हुनुमा अध्यक्ष केपी शर्मा ओली लगायतका नेताहरुको परिश्रम पनि प्रमुख हो । उनीहरुले गरेकै परिश्रमले वाम मतदाताहरु एकमत भएर मतदान गरेको नतिजाले देखाएको छ। बझांग र इलामको चुनाव परिणामलाई हलुका किसिमले लिन हुँदैन। आम चुनावमा ढेड सय मतको हाराहारीमा पराजित भएका कांग्रेसका उम्मेदवार यस पटक झण्डै ६ हजारको हाराहारी मतले पराजित भएका छन् । यसले कांग्रेस एक्लै चुनाव लडेर जित्ने अवस्थामा अझै पुगिनसकेको संकेत गरेको छ। कांग्रेसले चुनाव जित्न गठबन्धन गरेरै जानुपर्ने चुनाव परिणामले देखाएको छ । यस पटकको चुनावमा कांग्रेसका नेताहरु घात गर्ने पक्षमा थिएन । उनीहरुले घात गरेको पनि छैन। तरपनि परिणाम कांग्रेसको पक्षमा आएन। चुनावमा एक्लै जानुपर्ने तर्क गर्ने कांग्रेसका नेताहरुले यसबाट आफ्नो संगठनको अवस्थाबारे यथार्थ बुझ्न आवश्यक छ । राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) र राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) को स्थिति पनि खराब नै देखियो । रास्वपाका उम्मेदवार राम्रा भए पनि परिणाम भन्दा धेरै पछाडि पर्नुको कारण अध्यक्ष समेत रहेका उपप्रधान एवं गृहमन्त्री रवि लामिछाने सहकारी लगायतका विवादमा मुछिनु हो । पहिचानवादीको नाममा चुनाव लडेका उम्मेदवार पनि प्रतिस्पर्धी हुन सकेन । इलाममा एमालेका नेता विरुद्ध कयौं पटक आक्रमक प्रदर्शन भएका छन् । पहिचानवादीहरुले एमालेको पक्षमा मतदान नगर्ने अनुमान थियो । चुनावमा पहिचानको पक्षमा समेत मतदाता कमै देखिए। बझांगमा भएको प्रदेश सभाको उपचुनाव र इलामको प्रतिनिधि सभाको उपचुनावले दिएको संकेतलाई सबै दलका नेताहरुले मनन गर्नु आवश्यक देखिएको छ। यही परिणाम जस्तो वातावरण आगामी चुनावमा नरहन सक्छ। तर वाम मतदाताहरुले दलगत आस्था भन्दा माथि उठेर मतदान गर्ने जागरुक भइसकेको संकेत गरेका छन् ।

# लगानी सम्मेलन र लगानी वातावरण निर्माण



गोपीनाथ मैनाली

नेपाल अवस्थिति र श्रम (लोकशेन एण्ड लेवर) का आधारमा मात्र होइन, प्राकृतिक स्रोतको उपलब्धताका कारण पनि लगानी गन्तव्य मुलुक हो। उदारीकरणको नीतिले निजी क्षेत्रको लगानीलाई नीतिगत संरक्षण पनि प्रदान गरेको छ। लगानी बोर्ड नेपाल, सार्वजनिक निजी साझेदारी, औद्योगिक लगानी प्रवर्द्धन केन्द्र जस्ता संरचनाले पनि लगानी आकर्षणका लागि बाटो देखाएका छन् । सरकार लगानीको वातावरण बनाउन लागि परेको छ र सहुलियतका प्याकेजहरुको घोषणा पनि गरिरहेको छ । पटकपटक लगानी सम्मलेलन गरेर नेपालमा लगानीका लागि उपयुक्त वातावरण छ भन्ने सन्देश दिइएको छ । लगानी सम्मेलनमा सरकार प्रतिपक्ष, व्यवसायीहरु, नीति निर्माता र विकास साझेदारहरुको एकसाथको उपस्थितिले लगानी प्रवर्द्धन गर्न राष्ट्रिय सहमति छ भन्ने सन्देश दिइँदै आएको छ।

नीति वातावरण र सहुलियतको घोषणाका बाबजुद उद्योग व्यवसायमा खासै लगानी भएको छैन। बाह्य मात्र होइन, आन्तरिक लगानी पनि त्यति भएको छैन । आफ्नो पूजी लगानी गर्ने संस्था वा व्यक्तिले धेरै कुराहरु विचार गरेर मात्र लगानी गर्दछन् । यसर्थ नीतिगत र व्यावहारिक दुवै कुरा उत्तिकै महत्वपूर्ण छन्। नेपालमा यी दुवै पक्ष सुधारको पखाईमा छन् । लगानी परियोजनालाई प्रभाव पार्ने प्रमुख कारकमध्ये एक जग्गा प्राप्तिको समस्या हो। विभिन्न कारणले जग्गा जमिनमाथि चाप बढ्दै गयो, विकास गतिविधि बढ्दै गयो, वातावरणीय जोखिमहरु पनि बढ्दै गए, विकास गतिविधिका कारण मानव जोखिम पनि बढ्दै गयो, जग्गाको मूल्य पनि बढ्दै गयो। भूमिमाथि सामाजिक र राजनैतिक रुपमा संवेदनशीलता पनि बढ्दै गयो र यसले आयोजना व्यवस्थापनमा जटिलता थपिदियो। जग्गा प्राप्तिको प्रक्रियामा रहेका यी जटिलताले निजी क्षेत्रको लगानीमा जोखिम देखियो, प्रभावितको पुनर्वास तथा पुनर्स्थापनामा समस्या देखियो, एकीकृत नीति तथा अभ्यासको अभाव रह्यो। लगानीकर्ताबाट जति पनि क्षतिपूर्ति लिन हुन्छ भन्ने प्रवृत्ति बढ्न गयो।

लगानीमैत्री वातावरणका लागि चाहिने नीतिप्रति पनि लगानीकर्ता त्यति आश्वस्त भएनन् । उदारीकरणको नीति परिवेश छ तर समाजवाद उन्मुख अर्थतन्त्रको उल्लेख संविधानमा गरिएको छ। समाजवाद भनेको के भन्न खोजिएको भन्ने प्रष्ट पारिएको छैन । केही ठूला राजनैतिक दलहरुको चुनावी घोषणापत्र र दस्तावेजमा उदारवादी लोकतन्त्रलाई उपयोग गरेर समाजवादको गन्तव्यमा पुग्ने भनिएको छ। सरकार बदलिएपछि नीति उही रहे पनि नीति व्यवहारमा आउने परिवर्तन, नीतिप्रतिको सामाजिक र राजनीतिक सम्मति, पूजी फिर्ता र नाफा फिर्ता लैजाने विधिमा जटिलता, नियमन र प्रोत्साहनबीचको असन्तुलन जस्ता पक्षबाट पनि उद्यमीहरु मनोवैज्ञानिक रुपमा उत्साहित देखिएका छैनन्।

नेपालको पूँजी बजार साँघुरो छ। बैंकहरु न्यून क्षमता छन्। ठूला परियाजनामा लगानी गर्ने क्षमतामा छैनन् । अर्थतन्त्रमा पूजी निर्माणको प्रकृति सुस्त छ। वीमा तथा क्षतिपूर्तिका जटिलता, बाह्य पूँजी र आन्तरिक पूँजीको परिपूरण अभाव पनि देखिदै आएको छ। अर्को जटिलता श्रम सम्बन्धले पनि देखाउने गरेको छ। बेरोजगारीका कारण श्रम सस्तो पनि छ। तर श्रम कानून र लगानी कानूनबीच द्वन्द्व, श्रमिकहरुमा रहेको राजनैतिक संरक्षण, सीपयुक्त श्रमको अभाव, श्रमिक र लगानीकर्ताबीच बुझाइको अन्तरले लगानीमैत्री वातावरण बनाउन विगतदेखि समस्या पार्दै आएको छ।

लगानीको उत्प्रेरक पूर्वाधार हो भने उत्पादित बस्तुको सहज संरक्षण र वितरणमा पनि भौतिक पूर्वाधारले आधारको रुपमा काम गर्दछ। तर भौतिक पूर्वाधार, सुरक्षा, सञ्चार, गोदाम व्यवस्था, क्लीयरिङ् जस्ता कार्य अझै भरपर्दा छैनन् । लगानीले स्वागतमुखी संस्कृतिको माग गर्दछ। भारतको पश्चिम बङ्गालमा स्वागतमुखी व्यवहार भएन तर गुजरातमा त्यहाको राज्य सरकारले अनुकूल व्यवहार गऱ्यो, उद्योग कारखाना त्यतै हानिए। यसबाट पनि नेपालले शिक्षा लिन सक्छ । स्वागतमुखी कार्य संस्कृति



बिथोल्ने कारकमा आन्तरिक कुशासन, कार्यविधिगत जटिलता, प्रशासनिक ह्यासल, सहुलियत लिनमा कठिनाइ, चन्दा उपहार, प्रदर्शन प्रभावको अभाव, सम्भावनाको प्रचारप्रसार, आन्तरिक उद्यमीप्रति संरक्षण गर्ने प्रवृत्ति, वातावरण प्रभाव मूल्यांकनमा लाग्ने लामो समय आदि हुन्।

कमजोर सुशासनका कारण लगानीकर्ताहरु आफ्नो पूजी तथा प्रयासलाई उपयोग गर्न अभिप्रेरित छैनन् । अनावश्यक झ्याउलो र अतिरिक्त लागत ब्यहोर्न पूँजी डराउँछ। त्यसैले सरकारले पटकपटक आयोजना गरेको लगानी सम्मेलनमा लगानी गर्न इच्छुक रहेको जस्ता कुटनैतिक भाषा प्रयोग गर्छन्, तर लगानी गर्न इच्छुक छैनन्। पछिल्लो समय मुलकमा भएका संस्थागत बेथितिले राम्रो सन्देश गएको छैन। नेपालको छवि बाहिर राम्रो देखाउने काम भएको छैन।

नेपालका निजी क्षेत्रका घरानाहरुले बाह्य लगानीकर्तासँग सहकार्य गर्ने क्षमता देखाएका छैनन्। बाह्य संस्था तथा व्यक्तिगत लगानीकर्तासँग नेपालका ठूला भनिएका घारानाहरुले उत्पादन, व्यापार तथा प्रविधिमा साझेदारी त्यति गरेका छैनन्। यसले आन्तरिक उद्यमी नै उत्साही छैनन् भन्ने सन्देश बाहिर गएको छ। साथै दुई छिमेकी मुलुकहरुबीचको उतारचढावपूर्ण राजनैतिक र कुटनैतिक अवस्थाले पनि व्यापारलाई प्रतिकूल प्रभाव पारिरहेको छ।

नेपालले निकै उत्साहका साथ आयोजना गरेको लगानी सम्मेलन सकिएको छ। लगानी अनुकूल वातावरण बनाउनका लागि सरकारले छोटो बाटोबाट केही कानूनहरु संशोधन गर्ने अध्यादृश जारी गरेको छ। लगानीमा बाधक ठानिएका प्रावधानहरु हटाउन भूमि सँबन्धी ऐन, जग्गा प्राप्ति ऐन, विद्युतीय कारोवार ऐन, विशेष आर्थिक क्षेत्र ऐन, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, सार्वजनिक निजी साझेदारी ऐन, वन ऐन र औद्योगिक व्यवसाय ऐनलाई लषनी सम्म्लेनको उद्घाटनकै समयमा संशोधन अध्यादेश जारी गरी हामी लगानीको वातावरण बनाउन तयार छौं भन्ने सन्देश दिइएको छ। सम्मेलनको तयारी र सोकेश आयोजनामा जे जस्तो स्थिति रहे पनि राजनैतिक सहमति कायम गर्ने सरकारको प्रतिवद्धता पनि देखिएको छ । यसले सकारात्मक सन्देश दिएको छ।

सम्मेलनको आयोजना एउटा घटनाका रुपमा मात्र रहे यो पनि विगतका सम्मेलनकै निरन्तरतामा देखिने छ । सम्मेलनमा व्यक्त भएका कुराहरु र लगानीकर्ताको मनोभावनालाई समेत ध्यानमा राखेर सरकार तथा लगानी बोर्ड नेपालले गर्नुपर्ने काम अब शुरु भएको छ । नीति संरचना मात्र परिवर्तन गरर पदैन, यसका लागि सरकारले गर्नुपर्ने कामको शुरुआत लगानी वातावरणको पहिलो शर्त हो। जस्तो कि जग्गा प्राप्तिलाई लगानीको प्याकेजमा नै समावेश गर्ने (विस्थापन न्यूनीकरण, जीविकोपार्जन, पुनर्वास योजना कार्यान्वयन, उचित मुआब्जा र क्षतिपूर्ति अभ्यास गर्नुपर्छ । लगानीकर्ता पूजी र प्रविधिमात्र लिएर आउँछ, अन्य कुरा लगानी गन्तव्य मुलुकले गर्नु पर्दछ।

नीति स्थिरताको सुनिश्चितका लागि राजनैतिक दलहरुबीचको सहमति, संविधानको व्याख्या, नीति प्रावधान कार्यान्वयनको प्रतिवद्धता, निरन्तर सहजीकरण र समीक्षाको परिपाटी बसाल्नु पर्दछ। पूँजी बजार विस्तारका लागि अर्थमन्त्रालयको अगुवाईमा बैंक, वीमा, मौद्रिक नीति, सहयोग, सरकार-उद्यमी वित्त सहकार्य, सरकारी जमानत, वित्त कन्सोर्टियम आदिको व्यवस्थापन गरिनु पर्दछ । लगानी बोर्डले सरकारका निकायहरुसँग समन्वय गरी श्रम सम्बन्ध सहभावीकरण, श्रमिक अभिमुखीकरण, पूर्वाधार सुनिश्चित जस्ता कार्य निरन्तर गनुएको विकल्प छैन।

स्वागत संस्कृति विकासका लागि कार्यव्यवहार परिवर्तन गर्नुपर्दछ । विमानस्थल नेपाल हेर्ने ऐना हो, विमानस्थलदेखि नै मीठो सेवा, प्रशासनिक कार्यसंस्कृति परिवर्तन, एकल विन्दु सेवा, प्रदर्शन आयोजना विकास, प्रमुख निर्णयमा समय किटानी, प्रशासनमाथि नियमन, लगानी सहकार्य आयोजना, आयोजना विकास, आय प्रत्याभूति, सम्भाव्यता न्यूनपूर्ति कोषको व्यवस्था जोखिम सहकार्य, डायस्पोरा परिचालन र प्रचारप्रसारले स्वागत संस्कृति निर्माणमा सहयोग पुग्दछ। कर प्रशासन र सम्बद्ध कर्मचारीको व्यवहार व्यावसायिक दाचारमा रहनुपर्दछ।

नेपाल पोलिसी इन्स्टिच्यूट, गैरआवासीय नेपाली समाजलगायत विश्वभरि छरिएर रहेका नेपाली डायस्पोरा र विभिन्न काममा रहेका नेपालीहरुको विश्वास जिती उनीहरुलाई परिचालन गर्ने जनस्तरको कुटनीति लिनुपर्छ। यसले बाह्य समाजमा नेपालको पहिचान र सम्बन्ध विकासमा ठूलो योगदान गर्नसक्छ । साथै छानिएका क्षेत्रमा नेपाली उद्यमी र बहुराष्ट्रिय संस्थासँग सहकार्य गरी नेपाली वस्तु तथा सेवाको विश्वव्यापी मूल्यसिक्रीमा आवद्ध हुने काम तत्काल गर्नु पर्दछ। यी काम ढिलो होइन, आक्रामक रुपमा तत्काल गर्नु पर्छ। किनकी अभियानका रुपमा सञ्चालन गर्नुपर्ने कामको समय र गति पक्डिन सकिएन भने त्यसले हाम्रो अर्थतन्त्रलाई छाडेर जान्छ। (लेखक नेपाल सरकारका पूर्वसचिव हुनुहुन्छ)

# इतिहास जोगाउन स्थानीय सरकार



राजकुमार दिक्पाल

धनकुटा जिल्लाको चौबिसे गाउँपालिका (साबिकको कुरुले तेनुपा गाविस) मा एउटा थुम्को छ । त्यस थुम्कोलाई गढी भनिन्छ । त्यस थुम्कोमा अहिले कुरुले तेनुपा माध्यमिक विद्यालयको भवन छ। ऐतिहासिक रुपमा सामरिक र प्रशासनिक दृष्टिकोणले अत्यन्तै ठूलो महत्त्व राख्ने कुनै बेला एउटा गढी थियो यो थुम्कोमा तर अब यस ऐतिहासिक गढीको कुनै पनि भौतिक संरचनाको अवशेष देख्न पाइँदैन । इतिहासको यो गढी अब एकादेशको दन्त्यकथा जस्तै हुन पुगेको छ।

इतिहासकारहरुले गरेको यो गढीको चर्चाअनुसार यसको महत्त्व प्राचीनकालतिर पुग्छ । इतिहासकारद्वय प्रेमबहादुर मावोहाङ र भूपेन्द्रनाथ ढुङ्गेलले २०११ सालमा छापिएको आफ्नो पुस्तक सङ्क्षिप्त नेपाल इतिहासमा यो गढी यस क्षेत्रमा लिम्बूहरुको बसोबास सुरु भएदेखि नै तत्कालीन लिम्बू राजा मावोहाङ रायले निर्माण गरेको उल्लेख गरेका छन्।

यस्तै, इतिहासकार शिवकुमार श्रेष्ठले २०४२ सालमा प्रकाशित भएको आफ्नो पुस्तकमा यो गढी लिम्बू राजा साइयोकहाङले निर्माण गरेको उल्लेख गरेका छन् । यो गढीका बारेमा पृथ्वीनारायण शाहको पत्रमा पनि उल्लेख छ। १८३१ साउनमा विजयपुरबाट अभिमानसिंह बस्न्यात र पारथ भण्डारीको नेतृत्वमा उत्तर पाँचथरतिर बढेको गोर्खाली सेना यो गढी पुगेको र त्यहाँबाट अगाडि बढेको पृथ्वीनारायण शाहको पत्रमा उल्लेख छ । सेनकालमा यो गढीबाट महत्त्वपूर्ण प्रशासन चल्थ्यो भन्ने ऐतिहासिक तथ्यको सङ्केत पृथ्वीनारायण शाहको पत्रबाट पनि मिल्छ। पछिसम्म यो गढीका कुरुवाहरुलाई जिम्मेवारी र जागिरहरु दिइएका ऐतिहासिक लालमोहरहरु पाइएका छन्।

इतिहासको महत्त्व बुझ्न नसक्दा त्यस महत्त्वपूर्ण ऐतिहासिकस्थललाई मासेर विद्यालय भवन निर्माण गरिएको देखिन्छ। अब फेरि सञ्चालनमा आएको विद्यालय भवनलाई भत्काएर गढी भएको यो स्थलको उत्खनन् गर्न सम्भव छैन । त्यसैले यस गढीसम्बन्धी प्राप्त हुनसक्ने ऐतिहासिक पत्रहरु केलाएर गढीसम्बन्धी ऐतिहासिक अभिलेख भने राख्न सकिन्छ।

धनकुटाको कुरुले गढी मासिएजस्तै नेपालमा यस्ता ऐतिहासिक स्थलहरु कति मासिए होलान् ? अब अन्य कुनै पनि ऐतिहासिक स्थलहरुलाई मासिनबाट जोगाउन सरोकारवाला स्थानीय सरकारले विशेष बुद्धिमत्ता अपनाएर पहलकदमी गर्न जरुरी छ । प्रकृतिले दिएको मात्रै होइन, पुर्खाले छाडी गएको निसानीले वर्तमानको गौरवलाई समृद्ध बनाउँछ । यस्ता गौरवहरु भावी पुस्तालाई समर्पण गर्न सकिए उनीहरु पनि गौरवान्वित हुनेछन्। पुर्खाको निशानी मास्नु भनेको आफ्नै गौरव र सभ्यतालाई छिन्नभिन्न बनाउनु हो। यस्तो कार्यलाई किमार्थ उचित मान्न सकिन्न।

### शिलालेखहरूको संरक्षण

हाम्रा पुर्खाहरुको समयमा परत्र सुधारका लागि जनहितको काम गर्दा चौतारा, हिटी, पोखरी, मन्दिर तथा पाटीपौवा आदि बनाउने चलन थियो। यिनीहरुसँगै शिलालेख राखेर आफ्नो धर्मकीर्तिका बारेमा जानकारी दिने चलन थियो । अहिले पनि यस्ता महत्त्वपूर्ण शिलालेखहरु ठाउँठाउँमा भेटिन्छन्। कतिपय शिलालेखहरु त मासिएर पनि गएका छन्। कतिपय शिलालेखहरु घर वा सडक बनाउँदा प्रयोग भए होलान्।

स्थानीय सरकारहरुले आफ्नो पालिका क्षेत्रभित्र रहेका सार्वजनिक स्थलका शिलालेखहरुको संरक्षण गर्न पहल गर्नुपर्छ । यस्ता शिलालेख राख्ने व्यक्ति वा परिवारले दर्साएको परोपकारी व्यवहारलाई उचित मूल्याङ्कन गर्नु वर्तमान पुस्ताको दायित्त्वभित्र पर्छ । यस्ता कीर्ति राख्नका लागि अरुलाई पनि उत्प्रेरित गर्न सकिने हुँदा इतिहासका यस्ता प्रमाणहरुलाई नष्ट हुनबाट जोगाउन स्थानीय सरकारहरुले गम्भीरतापूर्वक काम गर्न सक्छन् । भौतिक विकास तथा निर्माण गर्ने नाममा ऐतिहासिक धरोहरहरुसँगै इतिहासको प्रमाण बोल्ने शिलालेखहरु नष्ट हुन सक्नेतर्फ स्थानीय सरकार सावधान हुन जरुरी छ। इतिहासलाई नष्ट पार्ने अधिकार कसैलाई छैन।

यस्तै, मन्दिरमा चढाइने घण्ट तथा ताम्रपत्रहरुमा पनि अभिलेखहरु लेखिएको पाइन्छ। यिनीहरु पनि इतिहासको प्रमाण बोल्ने साक्षीहरु हुन्, जसलाई संरक्षण गर्न स्थानीय



सरकार प्रशस्तै कामहरु गर्न सक्छन् । शिलालेखहरुको संरक्षणको सन्दर्भमा हनुमानढोका दरबार क्षेत्रमा भेटिएको एउटा शिलालेखबारे यहाँ चर्चा गर्न उपयुक्त हुनेछ।

इतिहासकार गौतमबज्र बज्राचार्यले आजभन्दा ५० वर्षअघि हनुमानढोका दरबार क्षेत्रको अध्ययनका क्रममा एउटा यस्तो शिलालेख फेला पारे, जुन हनुमानढोकाको देगुतले मन्दिरमा पेटी बनाउन प्रयोग गरिएको थियो । यसरी पेटी बनाउन प्रयोग गरिएको कारण शिलालेखको धेरै भाग खण्डित हुन पुगेको छ। अंशुवर्माको समयको यो शिलालेखमा ‘किरात’ भन्ने शब्द परेको छ।

नेपालका किरातकाल थियो र किराती राजाहरु थिए भन्ने वर्णन गोपालराजवंशावलीलगायत अन्य केही वंशावलीमा पाइन्छ तर किरात लेखिएको कुनै अभिलेख भने पाइएको थिएन । लिच्छवीकालमा ‘किरात’ लेखिएको शब्द फेला परेकाले किरातकाल थियो भन्ने प्रमाण जुटाउनका लागि महत्त्वपूर्ण हुने यो शिलालेखमाथि इतिहासकार गौतमबज्र बज्राचार्यको पहिलो नजर पर्न गयो । त्यसपछि यो शिलालेखलाई इतिहासकारहरु धनबज्र बज्राचार्य तथा महेशराज पन्तले गम्भीरतापूर्वक अध्ययन गरेको पाइन्छ।

अहिले यो शिलालेख हनुमानढोका सङ्ग्रहालयमा सुरक्षित राखिएको छ। गौतमबज्र बज्राचार्यजस्तो मर्मज्ञ इतिहासकारको नजर नपरेको भए यो शिलालेखको हालत के हुने थियो होला ? यस्ता ठूला महत्त्वका शिलालेखहरु स्थानीय स्तरमा पनि पाइने हुँदा तिनीहरुको संरक्षण गर्न सके इतिहास संरक्षणमा ठूलो योगदान गर्न सकिन्छ। यसबारे स्थानीय सरकारले हेक्का राख्न जरुरी छ, यस्ता शिलालेखहरु रोडा गिट्टीमा परिणत नहोउन्।

### भौतिकसाथै बौद्धिक विकास

झट्ट हेर्दा भौतिक विकास निर्माण मात्रै स्थानीय सरकारको दायित्त्वभित्र पर्ने काम हो कि जस्तो पनि लाग्छ । नेपालको सबै ठाउँमा सडक, विद्युत्, विद्यालय, खानेपानीजस्ता भौतिक पूर्वाधारहरुको विकास भइनसकेका कारण प्रायः सबैजसो स्थानीय सरकारले भौतिक पूर्वाधारमै जोडबल गरेको देखिन्छ । यसकै लागि स्थानीय सरकार हरुले अधिकतम बजेट छुट्याएर काम गरिरहेका छन् । यो अनावश्यक काम होइन तर भौतिक विकास र निर्माणसँगै पुरातात्विक र ऐतिहासिक धरोहरको संरक्षण र तिनीहरुको अभिलेखीकरणलाई पनि उत्तिकै प्राथमिकताको सूचीमा राखेर स्थानीय सरकारले उचित कदम चाल्न सके यसले उक्त पालिका क्षेत्रको बौद्धिक सौन्दर्य र पहिचानलाई यथोचित रुपमा स्थापित गर्न सक्छ। किनकि ऐतिहासिक धरोहरहरुको संरक्षण र अभिलेखीकरणले इतिहास संरक्षणका लागि वास्तविक सहयोग पुऱ्याउँछ । इतिहास भनेको ज्ञानको स्रोत हो। ज्ञानको स्रोतको संरक्षण बौद्धिक विकासको पर्याय हो। यस प्रकारको पहल कदमीबाट पनि ती पालिकाहरुको बौद्धिक सभ्यता आङ्कलन गर्न सकिन्छ।

उदाहरणका लागि तेह्रथुम जिल्लाको लालीगुराँस नगरपालिकाको कामलाई लिन सकिन्छ। यस नगरपालिकाले चोत्लुङ पार्क निर्माण गर्दा पार्कभित्र लिम्बू परम्परागत घर निर्माण गरेको छ। यस नगर क्षेत्रमा घुम्न वा काम विशेषले पुग्नेहरुमध्ये सबैजसो यो पार्कमा पुग्छन्। त्यहाँ पुगेर लिम्बू परम्परागत घरलाई पृष्ठभूमिमा राखेर फोटो खिचाउँछन्, कोही सेल्फी खिच्छन्। यसरी यो पार्कले पर्यटकहरुलाई आकर्षण गरिरहेको छ। यो पार्कभित्र रमिता हेर्ने, फोटो खिच्ने र रमाउने साधनहरु मात्रै छैनन्, लिम्बू परम्परागत घरभित्र सिङ्गो सङ्ग्रहालय पनि छ।

यस सङ्ग्रहालयमा पुराना भौतिक सामग्रीहरु प्रदर्शनमा राखिएका छन्। अझ यो सङ्ग्रहालयको अर्को विशेषता हो, पुराना अभिलेख तथा पुस्तकहरुको सङ्ग्रह। सङ्ग्रहालयभित्र सुरक्षित पुराना कागजपत्रहरु इतिहास अध्येताहरुका लागि ठूलो राहतका साधनहरु हुन् । त्यसैले यो पार्कमा पुग्दा भौतिक मनोरञ्जन मात्र होइन, बौद्धिक मनोरञ्जन पनि प्राप्त गर्न सकिने हुँदा यो पार्कको लक्ष्य प्राज्ञिक पर्यटन प्रवर्द्धन पनि रहेको देखिन्छ, खासगरी इतिहासको क्षेत्रमा।

यस नगरपालिकाको मेयर अर्जुनबाबु माबुहाङ आफैं पनि इतिहासकार र लिम्बू मुन्धुमविद् हुन् । उनले आफ्नो ज्ञानको भरमग्दुर प्रयोग यो पार्कमा गरेको देखिन्छ। पहिलेको तुलनामा अहिलेका स्थानीय सरकारहरु धेरै स्वायत्त र अधिकार सम्पन्न छन् । यस्तो अधिकार र स्वायत्ततालाई केबल भौतिक विकास र निर्माणको क्षेत्रमा मात्रै लागू गर्न हुँदैन । विकासको मापन भौतिक उन्नति र परिवर्तनको आधारमा मात्रै गरिनु हुँदैन । अझ भौतिक विकास निर्माणका क्रममा ऐतिहासिक र सांस्कृतिक सम्पदा ध्वस्त हुन पुगेको सन्दर्भ यो लेखको सुरुमै उल्लेख भइसकेको छ। विद्यालय भवन निर्माणको नामका एउटा सिङ्गो ऐतिहासिक गढीलाई मैदान हुनबाट जोगाऔं । (लेखक इतिहास अध्ययनमा रुचि राख्नुहुन्छ)

# नगरेको गल्तीको सजायको क्षतिपूर्ति पाउनै पर्ने सिँचाई मन्त्रीको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु । ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले जलवायु परिवर्तनबाट जोगिनका लागि उपयुक्त विधीको खोजी गर्नुपर्ने बताएका छन् । जलस्रोत तथा सिँचाइ विभागले मंगलबार आयोजना गरेको 'जलवायु र पानीजन्य प्रकोप नियन्त्रण' विषयक कार्यशालालाई सम्बोधन गर्दै उनले नेपालले नगरेको गल्तीको सजाय पाइरहेकाले त्यसको उचित क्षतिपूर्ति पाउनै पर्ने बताएका छन् ।



उनले मुस्ताङमा बेमौसमा गएको बाढी, मेलम्ची नदी र आपपासका क्षेत्रमा देखिएको विपद् जन्य प्रकोप र गत असारमा काबेली नदी करिडोरमा देखिएको विपत्तिको पछाडि जलवायु परिवर्तनको असर नै रहेकाले त्यसबाट जोगिनका लागि उपयुक्त विधिको खोजी गर्नुपर्ने उल्लेख गरे ।

नेपाललाई जलवायु कोषालगायतबाट राहत तथा अनुदान उपलब्ध गराइनुपर्नेमा जोड दिँदै उनले अन्तर्राष्ट्रिय निकायले यसमा विशेष ध्यान दिनुपर्ने स्पष्ट पारेका थिए । मन्त्री बस्नेतले जलवा परिवर्तन र पानीजन्य प्रकोपबाट जोगिनका लागि पूर्वतयारी एवं प्रतिरोधी क्षमताको विकास गर्नैपर्ने र त्यसमा सम्बद्ध निकायको साझा प्रयत्न जरुरी रहेको बताए ।

सरकारले त्यसका लागि आवश्यक तयारीको काम गरिरहेको सन्दर्भमा यस्ता कार्यक्रमबाट प्राप्त हुने सुझाव र निष्कर्षले आगामी दिनमा नीति निर्माणका लागि सहजता हुने उनको कथन छ । विपत्तिबाट हुने क्षति न्यूनीकरणका लागि कानुनी, संरचनागत एवं पूर्वतयारीको कामलाई सँगसँगै अगाडि बढाउनुपर्नेमा जोड दिँदै मन्त्री बस्नेतले तिनै तहका सरकार, सरोकार भएका निकाय र अन्तर र्ाष्ट्रिय समुदायको पनि उत्तिकै महत्वपूर्ण भूमिका रहनुपर्ने बताए ।

कार्यक्रममा जलस्रोत तथा सिँचाइ सचिव सरिता दुवाडी, जल तथा ऊर्जा आयोगका सचिव केशवकुमार शर्मा, जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक सञ्जिव बराललगायतले विपद्, पानीजन्य प्रकोपविरुद्ध लड्न साझा प्रयासको आवश्यकता औंल्याएका थिए ।

# उपनिर्वाचन: पुराना दलमै भरोसा र नयाँको परीक्षण

**काठमाण्डु** । प्रतिनिधिसभा र प्रदेशसभा सदस्य उपनिर्वाचनले प्रमुख दोस्रो ठूलो दल नेपाल कम्युनिष्ट पार्टी (एमाले)लाई उत्साहित तुल्याएको छ । प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको उपनिर्वाचनमा प्राप्त जितले एमालेलाई खुसी तुल्याएको हो ।

एमाले संसदीय दलका प्रमुख सचेतक महेश बर्तौलाले चुनावले आफ्नो दलप्रति आम मतदाताको ठूलो भरोसा रहेको देखाएको प्रतिक्रिया दिनुभयो । एमालेको अगुवाइ र उपस्थितिमा देश निर्माण गर्न सकिन्छ भन्ने सन्देश पाएको जिकिर पनि उहाँले गर्नुभयो । "अन्य राजनीतिक पार्टीमा सङ्गठित व्यक्तिले पनि 'सूर्य'लाई मत हालेको देखिन्छ । विचारका हिसाबले आफ्ना दलको नेतालाई मान्ने तर मुलुक सञ्चालनको जिम्मेवारीमा एमाले खोज्ने प्रवृत्ति मतदातामा देखियो । यो एमालेका लागि नयाँ जिम्मेवारी पनि हो ।"




आफ्नो दललाई पहिचान विरोधी हो भनेर समाजलाई साम्प्रदायिक विभाजन गर्ने दूषित मनसाय बोकेकाहरूले लगाएको आरोप र अस्वीकृत भएको उहाँको भनाइ छ । पहिचानका नाममा अतिवादी प्रवृत्तिलाई समाप्त पारिएको जनाउँदै उहाँले जनताले युवालाई अनुमोदन गरेको स्पष्ट देखिएको बताउनुभयो । विधायकको मुख्य भूमिका कानुन निर्माण हो, त्यस्तो महत्वपूर्ण थलो संसद्मा कानुनी पृष्ठभूमिका प्रतिनिधिलाई नै जनताले रोजेकामा उहाँले सन्तुष्टि व्यक्त गर्नुभयो ।

"प्राप्त मतभारबाट उत्साहित मात्र नभएर आफूप्रति गरिएको भरोसालाई डगमगाउन नदिई मुलुकलाई 'सुखी नेपाली समृद्ध नेपाल' निर्माणको राष्ट्रिय सङ्कल्पमा दृढ भएर अघि बढ्छौँ", उहाँले भन्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) संसदीय दलका मुख्य सचेतक हितराज पाण्डेले उपनिर्वाचनबाट देशले राजनीतिक परिपक्वता खोजेको सङ्केत गरेको प्रतिक्रिया दिनुभयो । उहाँका अनुसार मुलुकलाई अघि बढाउन दुई/तीन आयाम छन् । "अब सबै मिलेर काम गर्नुपर्छ । देशको समृद्धिका लागि मिलेर जाऔँ भन्ने सन्देश पाइएको छ । राजनीतिमा अघि बढ्न त्याग, समर्पण, परिपक्वता आवश्यक हुन्छ भन्ने सन्देश आयो", उहाँले भन्नुभयो ।

नेपाली कांग्रेस संसदीय दलका सचेतक सुशीला थिङ्ले आफ्नो दलले निर्वाचनको परिणामलाई सकारात्मक रूपमा ग्रहण गरेको बताउनुभयो । आफ्नो दल निर्वाचनमा पराजित भए पनि कांग्रेसप्रतिको जनताको भरोसा कायमै छ भन्ने जिकिर पनि उहाँले गर्नुभयो ।

"निर्वाचनले एमाले र नेपाली कांग्रेसमै जनताको भरोसा छ भन्ने देखाएको छ । यसबाट नयाँ राजनीतिक दलको पनि परीक्षण भएको छ", उहाँले भन्नुभयो । आफ्ना मतदाता यथावत् रहेको र तिनले कांग्रेसलाई माया गरिरहेको जनाउँदै उहाँले अब पार्टी जनताका माझमा पुग्न र अलि बढी खट्नुपर्ने आवश्यकता महसुस भएको बताउनुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रमुख सचेतक सन्तोष परियारले उपनिर्वाचनले सङ्गठन बिस्तार र पार्टी बनाउनका लागि जनतासँग लामो संवाद गर्न सन्देश दिएको बताउनुभयो । "पछिल्लो राजनीतिक परिवर्तनसँगै रास्वपाले जनसमर्थन पाउँछ भन्ने बुझाइ स्थापित गर्न अझ बढी काम गर्नुपर्ने देखियो । त्यो बाँकी काम यथाशीघ्र गरेर अघि बढ्न निर्वाचनबाट सन्देश मिलेको छ ।"

उपनिर्वाचनमा आएको मतमाथि विचारविमर्श र समीक्षा गर्ने ठाउँमा आफूहरूलाई पुऱ्याएको बताउँदै उहाँले नतिजालाई सबै आयामले सोच्नुपर्छ भन्नेमा दलको आगामी बैठकमा छलफल हुने जानकारी दिनुभयो ।रासस

# एकीकृत समाजवादी महाधिवेशनको तयारी सुरु

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल कम्युनिष्ट पाटी (एकीकृत समाजवादी) ले महाधिवेशनको तयारीलाई तीव्र बनाएको छ ।

महाधिवेशन मूल व्यवस्थापन कमिटीले अन्य कमिटीलाई जिम्मेवारी प्रदान गरेको छभने मातहतका सबै कमिटीलाई सदस्यता अभिलेख, कार्य प्रगतिको विवरण केन्द्रमा बुझाउन निर्देशन दिएको हो । सबै कमिटी, विभाग र फाँटलाई आगामी असार ५ गतेभित्र महाधिवेशन प्रतिनिधिको फोटोसहितको विवरण पार्टी केन्द्रीय कार्यालयमा पठाउन भनिएको छ ।



पार्टीले मातहतका सबै निकाय, क्षेत्र तथा तहबाट महाधिवेशन प्रतिनिधि छनोट गरी निर्धारित शुल्कसहित प्रतिनिधि छनोटको नामावली समयमा केन्द्रमा बुझाउनुपर्ने छ । पार्टीअन्तर्गत रहेका सबै कमिटीले असार १ गते प्रतिनिधि छनोट गर्ने कार्यतालिका रहेको पार्टी पोलिटब्यूरो सदस्य दिलु पन्तले जानकारी दिए ।

केन्द्रीय सङ्गठन विभागले नेता तथा कार्यकर्ताको सदस्यता प्रदान र नवीकरणको सबै प्रक्रियाका साथै शुल्कसहितको विवरण केन्द्रले प्रमाणीकरण गर्ने छ । सदस्यता प्रमाणित गरेपछि त्यसको नामावली विवरण यही वैशाख ३० गतेसम्ममा सम्बन्धित कमिटीमा पठाइने छ ।आगामी असार १६ देखि २० गतेसम्म काठमाडौँमा गर्न लागिएको दसौँ राष्ट्रिय महाधिवेशनलाई केन्द्रित गरी यही वैशाख २८ र २९ गते केन्द्रीय कमिटीको बैठक आह्वान गरिएको छ । त्यसले प्रतिनिधिको नामवलीलगायत अन्य आवश्यक कार्यसूची अनुमोदन गर्ने छ ।

आगामी जेठ ९ गतेसम्ममा सबै कमिटीमा महाधिवेशनका लागि प्रस्तुत गरिने मस्यौदा दस्तावेज पठाइने छ। सबै कमिटीले मस्यौदा दस्तावेजमाथि आफ्नो कार्यक्षेत्रमा रहेका पार्टी सङ्गठित सदस्यहरुलाई आगामी जेठ ३२ गतेसम्म छलफल गराउने तालिका छ ।

# विकासका उपलब्धि जोगाउन सार्थक सहयोगका लागि उपप्रमको जोड

**काठमाण्डु** । उपप्रधानमन्त्री एवं स्वास्थ्य जनसंख्यामन्त्री उपेन्द्र यादवले स्वास्थ्य क्षेत्रमा नेपालले हासिल गरेका उपलब्धिलाई जोगाइराख्न संयुक्त राष्ट्रसङ्घलगायत अन्तर्राष्ट्रिय विकास साझेदारहरूको सार्थक सहयोग अपरिहार्य भएको बताउनुभएको छ ।

संयुक्त राष्ट्रसङ्घीय जनसंख्या तथा विकास आयोगको न्युयोर्कमा जारी ५७औं बैठकमा भाग लिने सिलसिलामा त्यहाँ रहनुभएका उपप्रधानमन्त्री यादवले संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेससँग मंगलबार भएको भेटवार्तामा जलवायु परिवर्तन र विश्वमा बढ्दो द्वन्द्वका कारण नेपालले दिगो विकासका लक्ष्यहरूका साथै स्वास्थ्य क्षेत्रमा हासिल गरेका उपलब्धि जोगाइराख्न चुनौतीपूर्ण भएकाले राष्ट्रसङ्घलगायत अन्तर्राष्ट्रिय विकास सहायता अपरिहार्य भएकामा जोड दिनुभएको हो ।



संयुक्त राष्ट्रसङ्घको प्रधान कार्यालयमा भएको भेटवार्तामा उपप्रधानमन्त्री यादवले संयुक्त राष्ट्रसङ्घको बडापत्र एवं सिद्धान्तप्रति नेपाल प्रतिबद्ध रहेको बताउँदै देशको सामाजिक-आर्थिक विकासमा राष्ट्रसङ्घले गरेको योगदानको सराहना गर्नुभएको न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगले जनाएको छ ।

नेपालले गरिबी निवारण, स्वास्थ्य सेवाको विकास, प्रजनन दर र मातृ मृत्युदर घटाउनेलगायत जनस्वास्थ्यका क्षेत्रमा प्रगति गरेको जानकारी दिँदै भूपरिवेष्टित एवं अतिकमविकसित राष्ट्र नेपाललाई विकासका निम्ति बाह्य सहायता आवश्यक भएको उपप्रधानमन्त्री यादवले बताउनुभयो ।महासचिव गुटेरेसले नेपाल र संयुक्त राष्ट्रसङ्घबीचको सम्बन्ध र सहयोग प्रगाढ रहेकामा प्रशन्नता व्यक्त गर्दै हालैको आफ्नो नेपाल भ्रमणको स्मरण गर्नुभयो ।

उहाँले मानवअधिकार, विश्व शान्ति र सुरक्षा एवं दिगो विकासका लक्ष्यहरू प्राप्तिमा नेपालले गरेको योगदानको मुक्तकण्ठले प्रशंसा गर्नुभयो ।

महासचिव गुटेरेसले शान्ति स्थापनार्थ संयुक्त राष्ट्रसङ्घअन्तर्गत शान्ति सेना परिचालन गर्ने मुलुकहरूमा नेपाल अग्रस्थानमा रहेको बताउँदै नेपाली शान्ति सेनाले निर्वाह गरेको भूमिकाको सराहना गर्नुभयो । साथै उहाँले स्वास्थ्य क्षेत्रमा नेपालले हासिल गरेका उपलब्धिको प्रशंसा पनि गर्नुभयो । स्वास्थ्य क्षेत्रका निम्ति राष्ट्रसङ्घीय निकायहरूमार्फत थप सहयोग प्रदान गर्ने प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नुभयो ।

उक्त नियोगका अनुसार महासचिव गुटेरेसले नेपालले जलवायु परिवर्तनका असर भोग्नुपरेकाले त्यसलाई सम्बोधन गर्न सम्बद्ध पक्षबाट सहयोग हुनुपर्नेमा जोड दिँदै नेपालले सहायता पाउनु उसको अधिकार हो भन्नुभयो । हरित ग्यास उत्सर्जनमा नगण्य गोयदान गरेको नेपाललाई 'जलवायु न्याय'का आधारमा न्यूनीकरण तथा अनुकूलन सहायता प्रदान गर्नुपर्नेमा उहाँले जोड दिनुभएको हो ।

त्यस अवसरमा संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापासहित नेपाल सरकारका उच्चपदस्थ कर्मचारीहरूको उपस्थिति थियो ।रासस

# सुहाङको यात्रा अधिवक्तादेखि सांसदसम्म

**इलाम** । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उम्मेदवार सुहाङ नेम्वाङको संसद् यात्रा सुरु भएको छ । इलाम-२ मा भएको प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनमा विजयी भएसँगै सुहाङको संसद् यात्रा सुरु भएको हो ।

एमालेका तत्कालीन उपाध्यक्ष समेत रहेका बुबा सुवासचन्द्र नेम्वाङको निधनपछि भएको उपनिर्वाचनमा बुबाको विरासत जोगाउँदै उहाँको सांसद यात्रा प्रारम्भ भएको हो । निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका डम्बरबहादुर खड्कालाई पाँच हजार आठ सय ३० मतान्तरले पराजित गरेर सुहाङ इलाम-२ लाई प्रतिनिधित्व गर्दै सांसद बन्नुभएको हो । सुहाङले २७ हजार सात सय ७२ मत ल्याउँदा डम्बरबहादुरले २१ हजार नौ सय ४२ मत प्राप्त गर्नुभएको थियो ।

सुहाङको जन्म विसं २०४६ फागुन ६ गते बुबा सुवासचन्द्र नेम्वाङ र आमा विशाल नेम्वाङका कान्छा छोराका रुपमा काठमाडौंमा भएको थियो । काठमाडौंको ग्यालेक्सी पब्लिक स्कूलमा नर्सरी कक्षाबाट आफ्नो अध्ययन सुरु गर्नुभएका सुहाङले जगत माध्यमिक विद्यालयबाट प्रवेशिका परीक्षा (एसएलसी) उत्तीर्ण गरे । ज्ञानोदय बालबाटिकाबाट कक्षा १२ सम्मको अध्ययन पूरा गरेर उच्च शिक्षाका लागि अष्ट्रेलिया गए । त्यहाँ दुई वर्ष बसेर उहाँ नेपाल फर्कनुभयो ।

स्वदेश फर्केर उहाँले काठमाडौं स्कूल अफ लबाट कानुन सङ्कायमा बीएलएलबी, वाणिज्य कानुनमा एलएलएम अध्ययन पूरा गर्नुभयो । सुवास आफू कानुन पढेको र अधिवक्ता भएकाले छोरा सुहाङलाई पनि कानुन नै पढाउनुभएको थियो । सुहाङ पछिल्लो समय काठमाडौंको थापागाउँमा 'कान्तिपुर ल एसोसिएट्स एण्ड रिसर्च सेन्टर' स्थापना गरी वकालत गर्दै आउनुभएको थियो ।

सुहाङ राजनीतिभन्दा खेलकुदमा बढी लगाव राख्नुहुन्थ्यो । स्कूले जीवनमा धेरैजसो समय होस्टेलमै जीवन बिताउनुभएका सुहाङ अष्ट्रेलियाबाट फर्किएपछि कलेजमा हुने भएका खेलकुद प्रतियोगितामा सहभागी हुन थाल्नुभयो। उहाँले खेलकुद क्षेत्रको विकासका लागि दुई वर्षअघि 'इलाम स्पोर्टिङ डी मेची क्लब' समेत स्थापना गर्नुभयो । पछिल्लो समय उहाँ सोही क्लबमार्फत इलामका विभिन्न ग्रामीण क्षेत्रमा पुग्ने गर्नुभएको थियो । फुटबल र क्रिकेटमा रुचि भएका तथा पेशाले अधिवक्ता सुहाङ सरल, सालिन र नरम स्वभावका हुनुहुन्छ ।

विसं २०४६ सालको राजनीतिक परिवर्तनपछि बुबा सधैँ केन्द्रीय राजनीतिमा छाइरहेकाले पनि सुहाङले राजनीतिकलाई नजिकबाट बुझ्ने अवसर पाउनुभएको थियो । यद्यपि उहाँ राजनीतिक गतिविधिबाट भने टाढै हुनुहुन्थ्यो । सुहाङले यसअघिसम्म कुनैपनि निर्वाचनमा मतदान समेत गर्नुभएको थिएन । आफ्नै बुबा उम्मेदवार हुँदा समेत मतादता नामावलीमा नाम दर्ता नभएकाले मतदान गर्न पाउनुभएको थिएन ।

राजनीतिलाई नजिकबाट बुझ्ने अवसर पाएपनि खासै रुचि भएका सुहाङलाई परिस्थितिले सांसद बनायो । तर बुबाको सुवासचन्द्र नेम्वाङको अप्रत्यासित निधनपछि उनलाई पार्टीले टिकट दिलाएर सांसद बनाएको हो । सुहाङलाई सांसद बनाउनमा नयाँ सत्ता समीकरणले सहज बनायो । नेकपा (माओवादी केन्द्र), नेकपा र नेपाल परिवार दलको समर्थन पाउनुभएका नेम्वाङले कम उमेरमा नै संसद छिर्ने अवसर पाउनुभएको छ । सालिन एवम् बौद्धिक नेताको छवि बनाउनुभएका स्वर्गीय सुवासचन्द्र नेम्वाङका छोराका रुपमा सुहाङले बुबाको बिरासत जोगाउनुपर्ने जिम्मेवारीरनयाँपुस्ताको भरोसा बटुल्नु चुनौती छ । आफू विजयी हुँदैगर्दा आफूसँगै चुनावी मैदानमा रहेका सबै उम्मेदवारले उठाएका सबै मुद्दा इलामको नागरिकको साझा भएको उहाँको भनाइ छ । राजनीति धेरै टाढासम्म रहेको भन्दै सबैको भावना कदर गर्दै देशलाई सुशासन र समृद्ध बनाउने सपना रहेको उहाँको भनाइ छ । उहाँ आफ्ना बुबाको अधुरा र अपूरा सपना पूरा गर्न राजनीतिमा आएको बताउनुहुन्छ । समाजमा रहेको राजनीतिप्रति युवाको मानसिकता र वैदेशिक रोजगारमा युवाको आकर्षण घटाउन विभिन्न योजनाहरु ल्याउने उहाँको भनाइ छ ।



हाल सुहाङ एमालेको कानुन विभागको केन्द्रीय सदस्य हुनुहुन्छ । उहाँका एक दाजु, एक दिदी र एक बहिनी हुनुहुन्छ । उहाँको दिदी सुसाङ पेशाले डेण्टल सर्जन हुनुहुन्छ भने बहिनी साम्याङ अर्वान स्टडिजमा स्नातकोत्तर गर्दै हुनुहुन्छ ।रासस


## पर्सा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
पर्सा, सर्लाही
मधेश प्रदेश, नेपाल

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८१/०१/१९**

यस गाउँपालिकाबाट तपिसलका योजना निर्माणको लागि मिति २०८०/०९/०८ (2023/12/24 AD) गतेको दिन जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिका एवंम् www.bolpatra.gov.np/egp मा समेत प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार रितपूर्वक विधुतीय प्रणाली (e–Bid) को माध्यमबाट दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भई आर्थिक प्रस्ताव खोल्नको लागि छनौट भई निर्णय भए बमोजिम सार्वजनिक खरिद नियमावली, २०६४ (चौथो संसोधन) को नियम ३१ङ (५) को प्रयोजनका लागि सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.स. | ठेक्का नं. | आयोजनाको विवरण | प्राविधिक परिक्षणमा सफल बोलपत्रदाताहरु | आर्थिक प्रस्ताव खोलिने मिति समय र स्थान |
|---|---|---|---|---|
| १ | PRM/NCB/WORKS/02-2080/081 | Construction of School Building at Parsa Adharbhut School | 1. Achary Nirman Company Pvt.Ltd.<br>2. Tirupati Balaji/Santosh & Abhisekh JV.<br>3. Jay Bhawani Nirman Sewa | **मिति**:– २०८१/०१/२५<br>**समय**:– १२:०० बजे<br>**स्थान**:– पर्सा गाउँ कार्यपालिकाको कार्यालय, पर्सा सर्लाही |
| २ | PRM/NCB/WORKS/03-2080/081 | Construction of Bakulwa Drain at Parsa 1 & 2 | 1. Achary Nirman Company Pvt.Ltd.<br>2. Tirupati Balaji/Santosh & Abhisekh JV.<br>3. Jay Bhawani Nirman Sewa<br>4. Chaudhary–Pawan JV. | |

**प्रमुख प्रशासकीय अधिकृत**

# पाकिस्तानमा भारी वर्षाका कारण अप्रिलमा कम्तीमा १४३ जनाको मृत्यु

**एएफपी**

पाकिस्तान । पाकिस्तानमा अप्रिल महिनामा चट्याङ र अन्य आँधीबेहरीजन्य घटनामा परी कम्तीमा १४३ जनाको मृत्यु भएको अधिकारीहरूले मङ्गलबार बताएका छन् ।अप्रिल महिनामा अचानक आएको बाढी, पहिरो र खराब मौसमका कारण केही क्षेत्रमा घरहरू भत्किएका थिए भने केहीमा बालीनाली नष्ट भएको थियो ।



पाकिस्तानको मौसम विज्ञान विभागका प्रवक्ता जहीर अहमद बाबरले भन्नुभयो, "अप्रिलमा पाकिस्तानमा सामान्य स्तरभन्दा १६४ प्रतिशत बढी वर्षा भएको छ, जुन निकै असामान्य छ।""हामीले जलवायु परिवर्तनको प्रत्यक्ष परिणामको रूपमा यी अनियमित मौसमी स्वरूपहरू देखेका छौं," उहाँले एएफपीसँग भन्नुभयो । पाकिस्तान अप्रत्याशित मौसमको साथै सामान्यतया जुलाईमा हुने प्रायः विनाशकारी मनसुनी वर्षाको लागि बढ्दो जोखिममा छ ।

अप्रिलमा सबैभन्दा बढी मृत्यु उत्तरपश्चिमी खैबर पख्तुनख्वामा थियो । यस राज्यमा ३८ बालबालिकासहित ८३ जनाको मृत्यु भएको थियो भने तीन हजार ५०० भन्दा बढी घरहरू क्षतिग्रस्त भएका थिए ।प्रान्तको विपद् व्यवस्थापन प्राधिकरणका प्रवक्ता अनवर शहजादले एएफपीसँग भन्नुभयो, "छाना भत्किएर र पहिरोका कारण उनीहरूको मृत्यु भएको हो।"देशको सबैभन्दा बढी जनसंख्या भएको पञ्जाब प्रान्तको केही उत्तरी भागमा असिना र पानीले मुख्य खाद्यान्नमध्येको गहुँ बाली सखाप पारेको छ।

वातावरणविद् मरियम शब्बीर अब्बासीले एएफपीसँग कुरा गर्दै भन्नुभयो, "समग्र मौसमको ढाँचा लगभग डेढ महिना पछि परिवर्तन भएको छ, र हामीले अभूतपूर्व वर्षाका कारण हुने क्षतिबाट बच्न कृषि क्षेत्रका लागि हाम्रो क्यालेन्डर परिवर्तन गर्नुपर्छ ।यस महिनाको सुरुमा अधिकारीहरूले पञ्जाबमा गहुँ काट्ने किसानसहित कैयौं व्यक्तिको चट्याङ लागेर मृत्यु भएको र वर्षासँग सम्बन्धित विभिन्न घटनामा २१ जनाको मृत्यु भएको बताएका थिए।

गत अप्रिलमा बलुचिस्तान प्रान्तमा २१ जनाको मृत्यु भएको थियो । यी मध्ये चट्याङ लागेर सात जनाको मृत्यु भएको थियो भने वर्षाका कारण केही जिल्लामा जनजीवन अस्तव्यस्त हुनुका साथै विद्यालयहरू बन्द भएका थिए ।पाकिस्तान प्रशासित काश्मिरको दक्षिणी सिन्ध प्रान्तमा आएको बाढीका कारण भएका १४ जनाको मृत्यु भएको छ भने सडक दुर्घटनामा परी बाढी र बर्षाका कारण भएका सडक दुर्घटनामा अन्य चार जनाको मृत्यु भएको छ।

सन् २०२२ को ग्रीष्मऋतुमा पाकिस्तानको एक तिहाइ भूभाग अभूतपूर्व मनसुनी वर्षाका कारण डुबानमा परेको थियो जसका कारण लाखौं मानिस विस्थापित हुनुका साथै देशलाई ३० अर्ब अमेरिकी डलर बराबरको आर्थिक क्षति भएको विश्व बैङ्कको अनुमान छ ।यस महिना देशका धेरै भागहरूमा भारी वर्षा भइरहेका बेला सबैभन्दा ठूलो शहर कराँचीमा आइतबार वर्षकै सबैभन्दा गर्मी दिन भएको छ र तापक्रम ३७ डिग्री सेल्सियस (९९ डिग्री फरेनहाइट) पुगेको छ।

# इंग्ल्यान्डको टी–२० विश्वकप टोलीमा आर्चर र जोर्डन समेटिए




**काठमाण्डु** । सन् २०२२ को टी-२० विश्वकप च्याम्पियन इंग्ल्यान्डले आइसिसी पुरुष टी-२० विश्वकप २०२४ का लागि आफ्नो टोली घोषणा गरेको छ।

जुन १ देखि वेस्ट इन्डिज र अमेरिका हुने विश्वकपका लागि इंग्लिस टोलीमा तीव्र गतिका बलर जोफ्रा आर्चर र अलराउन्डर क्रिस जोर्डन पनि समेटिएका छन्। आर्चरले एक वर्षमा पहिलो पटक अन्तर्राष्ट्रिय क्रिकेटमा पुनरागमन गरेका हुन्। टिमका लागि उनको अन्तिम उपस्थिति मे २०२३ मा थियो। त्यसबेलादेखि उनी लगभग १२ महिनापछि कुहिनोको चोटबाट निको हुँदैछन्।

एक वर्षदेखि इंग्लिस टिमबाट बाहिरिएका अलराउन्डर जोर्डन पनि विश्वकप टिममा छन्। जोस बटलरले डिफेन्डिङ च्याम्पियनको नेतृत्व गर्नेछन्। विल ज्याक्स, फिल साल्ट र जोनी बेयरस्टो शीर्ष ब्याटिङमा इंग्ल्यान्डका लागि खेल्नेछन्। बेन डकेट र मोइन अली अलराउन्डरको रुपमा छन्। ह्यारी ब्रुक, लियाम लिभिङस्टोन र साम कुरानले तल्लो क्रममा रहनेछन्। टम हार्टसँगै आदिल रसिदले स्पिन आक्रमणको नेतृत्व गर्नेछन्।


इंग्ल्यान्डको टोलीः जोस बटलर (कप्तान), मोइन अली, जोफ्रा आर्चर, जोनाथन बेयरस्टो, ह्यारी ब्रुक, साम कुरान, बेन डकेट, टम हार्टले, विल ज्याक्स, क्रिस जोर्डन, लियाम लिभिङस्टोन, आदिल राशिद, फिल साल्ट, रिस टोपले, मार्क उड।

इंग्ल्यान्ड समूह 'बी' मा छ। समूहमा इंग्ल्यान्डसँगै अस्ट्रेलिया, नामिबिया, स्कटल्यान्ड र ओमान छन्। इंग्ल्यान्डले पहिलो खेल स्कटल्यान्डसँगबार्बाडोसमाखेल्नेछ।

# चेक गणतन्त्रमा अवकाशको उमेर बढाइयो

**एएफपी**

प्राग । चेक गणतन्त्रले अवकाशको उमेरलाई ६५ बर्षभन्दा माथि पुऱ्याएको छ । प्रधानमन्त्री पेट्र फियालाले वृद्ध समाजको आवश्यकतालाई सम्बोधन गर्न निवृत्तिभरण उमेर ६५ वर्षभन्दा माथि पुऱ्याउन पेन्सन सुधार कार्यक्रमलाई मङ्गलबार अनुमोदन गरेको बताउनुभएको छ । सन् २०२५ मा लागू हुने गरी गरिएको यो सुधार सरकारको बहुमत भएको संसद्मा पेश गरिनेछ ।फियालाले पत्रकारहरूसँग भन्नुभयो, "यो सुधारले तीस र चालीस वर्ष काटेका मानिसहरूलाई सम्मानजनक पेन्सन सुनिश्चित गर्नेछ।"



उहाँले भन्नुभयो, "यदि हामीले यसलाई स्वीकृत नगरेको भए यो प्रणाली दिगो हुने थिएन र यो चाँडै नै धराशायी हुने थियो।

"सन् १९७१ पछि जन्मेका व्यक्तिहरूको अवकाश उमेर ६५ वर्ष तोकिएको छ । सुधार पछि, सेवानिवृत्तिको उमेर जीवन प्रत्याशाको साथ बढ्नेछ र प्रत्येक वर्ष ५० वर्ष पुगेका व्यक्तिहरूको लागि तय गरिनेछ ।सुधारले चेक गणतन्त्रले औसत २१.५ वर्ष सेवानिवृत्तिमा बिताउने अनुमान गरेको छ।

सरकारले सन् २०५० मा सुधारपछि कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को एक प्रतिशत घाटामा पेन्सन खाता सञ्चालन हुने अपेक्षा गरेको छ।

फियालाले भन्नुभयो, "सन् २००० मा हामीले प्रति पाँच जनालाई एक जना अवकाशप्राप्त व्यक्ति हेर्ने जिम्मा दिएका थियौँ। यो स्पष्ट छ कि हामीले केही गर्नैपर्छ । त्यसैले सन् २०५० मा हामीले प्रति दुई जनालाई एक जना अवकाशप्राप्त व्यक्ति हेर्ने जिम्मा दिनुपर्नेछ।"

सुधारसँगै न्यूनतम पेन्सन औसत पारिश्रमिकको २० प्रतिशत पुग्नेछ।

यो सुधारले जोखिमपूर्ण काम गर्ने व्यक्तिहरूलाई पाँच वर्ष अगावै सेवानिवृत्त हुन पनि अनुमति दिएको छ ।चेक गणतन्त्र एक करोड ९० लाख जनसंख्या रहेको एक ईयू सदस्य राष्ट्र हो । यसको अर्थव्यवस्था कार उत्पादन र यूरो क्षेत्रको निर्यातमा निर्भर छ।

# चीनको कारखाना गतिविधि लगातार दोस्रो महिनामा वृद्धि

**एएफपी**

बेइजिङ। चीनको कारखाना गतिविधि अप्रिलमा लगातार दोस्रो महिना बढेको छ। मङ्गलबारको तथ्याङ्कले कमजोर घरेलु माग र खराब रियल स्टेट क्षेत्रसामु विशाल अर्थतन्त्रलाई गति दिन सङ्घर्ष गरिरहेका अधिकारीहरूलाई केही राम्रो समाचार प्रदान गरेको छ।

राष्ट्रिय तथ्याङ्क ब्युरो (एनबिएस) ले कारखाना उत्पादनको प्रमुख मापन पर्चेजिङ मेनेजर्स इन्डेक्स (पिएमआई) ५० दशमलव चारमा आएको छ। यो विस्तार र सङ्कुचनलाई अलग गर्ने ५० को स्तरभन्दा थोरैले बढीले हो। मार्चदेखि नै पिएमआई घटेका प्रभावित भएको छ। यसैबीच विश्वव्यापी मन्दीका कारण विदेशमा मुलुकको उत्पादनको माग कमजोर भइरहेको छ। "उत्पादन क्षेत्र लगातार सुधार र वृद्धिको अवस्थामा छ", एनबिएसले एक विज्ञप्तिमा भनेको छ।

बेइजिङले मार्चको प्रारम्भमा सन् २०२४ मा पाँच प्रतिशत वार्षिक वृद्धि हासिल गर्ने आफ्नो लक्ष्य घोषणा गरेको थियो। उक्त लक्ष्यलाई धेरै अर्थशास्त्रीले महत्त्वाकांक्षी मानेका छन्।

अधिकारीहरूले हालैका महिनाहरूमा पूर्वाधार खर्च बढाउन र आर्थिक गतिविधिलाई पुनर्जीवन दिन



बेला उक्त तथ्याङ्कले ब्लुमबर्गका विश्लेषकहरूको ५० दशमलव तीनको पूर्वानुमानलाई पछाडि पारेको र सन् २०२३ को अन्त्यमा सुरु भएको पाँच महिनाको मन्दीपछि वृद्धिको निरन्तरतालाई देखाएको छ।

सन् २०२२ को उत्तरार्धमा कठोर कोभिड नियन्त्रण कदमहरूपछि अधिकारीहरूले आर्थिक पुनरुत्थानलाई बढावा दिन सङ्घर्ष गरिरहेका छन्। चीनले आफ्नो ऋणमा डुबेको रियल स्टेट बजारमा सङ्कटको सामना गरिरहेको छ। हालैका महिनाहरूमा घरको मूल्यमा गिरावट आएको छ भने खुद्रा बिक्री खराब घरेलु मागबाट मिश्रित परिणामहरूका साथ लक्षित उपायहरूको शृङ्खला र सार्वभौम बन्ड जारी गर्ने घोषणा गरेका छन्।

सेवा क्षेत्रको गतिविधिको मापन गर्ने चीनको गैर-उत्पादक पिएमआई अप्रिलमा ५१ दशमलव दुईमा आएको छ। यो मार्चको ५३ र पूर्वानुमानभन्दा कम हो।

आधिकारिक तथ्याङ्कअनुसार चीनले गत वर्ष पाँच दशमलव दुई प्रतिशतको आर्थिक वृद्धि हासिल गरेको छ। महामारीका वर्षहरूका अतिरिक्त सन् १९९० को दशकपछि सबैभन्दा कम विस्तारको प्रतिनिधित्व गरे पनि यसलाई धेरै अर्थशास्त्रीले अत्यन्त धेरै मानेका छन्।

# दक्षिण अफ्रिकाको टोली घोषणा

**काठमाण्डु** । वेस्ट इन्डिज र अमेरिकामा जुन १ देखि हुने आइसिसी पुरुष टी-२० विश्वकप २०२४ का लागि दक्षिण अफ्रिकाले १५ सदस्यीय टोली घोषणा गरेको छ।




एडिन मर्क्रमले पहिलो पटक आइसिसी प्रतियोगितामा दक्षिण अफ्रिकाको कप्तानी गर्नेछन्। एनरिच नोर्किया र क्विन्टन डी कक दक्षिण अफ्रिकाको केन्द्रीय अनुबन्ध सूचीबाट बाहिरिए पनि टिममा छन्।

दक्षिण अफ्रिका समूह 'डी' मा छ। समूहमा नेपाल पनि रहेको छ। यो समूहमा दक्षिण अफ्रिका र नेपालसहित बंगलादेश, श्रीलंका र नेदरल्यान्ड्स छन्। दक्षिण अफ्रिकाले आफ्नो पहिलो खेल जुन ३ मा श्रीलंकासँग खेल्नेछ। नेपाल र दक्षिण अफ्रिकाबीचको खेल जुन १४ मा सेन्ट भिसेन्टमा हुनेछ।

दक्षिण अफ्रिकाको टोलीः एडिन मर्क्रम (कप्तान), ओटनियल बार्टम्यान, जेराल्ड कोएट्जी, क्विन्टन डी कक, ब्योर्न फोर्टुइन, रीजा हेनरिक्स, मार्को जान्सेन, हेनरिक क्लासेन, केशव महाराज, डेभिड मिलर, एनरिक नोर्किया, कागिसो रबाडा, रायन रिकेल्टन, तब्राज शाम्सी र ट्रिस्टन स्टब्स।टाभलिङ रिजर्भः नान्द्रे बर्गर र लुंगी एनगिडी।

# टी-२० विश्वकपका लागि भारतीय टोली घोषणा

**काठमाण्डु** । आइसिसी टी-२० विश्वकप २०२४ का लागि भारतको राष्ट्रिय टोली घोषणा गरिएको छ।

रोहित शर्माको कप्तानीमा रहेको टोलीमा हार्दिक पाण्ड्या उपकप्तान छन्।यशस्वी जैसवालसहित विराट कोहली, सूर्यकुमार यादव मुख्य ब्याटरको रुपमा छन्।



ऋषभ पन्त र सञ्जु सामसन विकेटकिपरको रुपमा टोलीमा परेका छन्। शिवम् दुबे, रविन्द्र जडेजा र अक्षर पटेल अलराउन्डर छन्।

कुलदीप यादव र युजवेन्द्र चहल स्पिनर रहदा अर्शदीप सिंह, जसप्रित बुमराह र मोहमम्द सिराजले तीव्र गतिको बलिङमा रहेछन्।

शुभमन गिल, रिंकु सिंह, खलील अहमद र आवेश खानलाई वैकल्पिकमा राखिएको छ।

अमेरिका र वेस्ट इन्डिजमा हुने विश्वकपमा भारत समूह 'ए' मा छ। भारतको समूहमा पाकिस्तान, आयरल्यान्ड, अमेरिका र क्यानडा छन्। भारतले पहिलो खेल जुन ५ मा आयरल्यान्डसँग न्युयोर्कमा खेल्नेछ।

भारतीय टोलीः रोहित शर्मा (कप्तान), हार्दिक पाण्ड्या (उपकप्तान), यशस्वी जैसवाल, विराट कोहली, सूर्यकुमार यादव, ऋषभ पन्त (विकेटकिपर), सञ्जु सामसन (विकेटकिपर), शिवम दुबे, रवीन्द्र जडेजा, अक्षर पटेल, कुलदीप यादव, युजवेन्द्र चहल, अर्शदीप सिंह, जसप्रित बुमराह, मोहम्मद सिराज। रिजर्वः शुभमन गिल, रिंकु सिंह, खलील अहमद र आवेश खान

# जि-७ मुलुक सन् २०३० मा चरणबद्धरूपमा समाप्त गर्न प्रतिबद्ध

**सिन्ह्वा**

रोम । जि-७ का मुलुकहरू सन् २०३० को पहिलो छ महिनामा कोइलालाई चरणबद्ध रूपमा हटाउने प्रतिबद्धता व्यक्त गर्न तयार रहेको स्थानीय सञ्चारमाध्यमले सोमबार रिपोर्ट गरेका छन् । हाल इटालेली सहर टुरिनमा दुई दिने बैठकका लागि भेला भएका जी-७ मन्त्रीहरूले जलवायु, ऊर्जा र वातावरणका विषयमा छलफल गरिरहेका छन्।


सन् २०३० र सन् २०३५ को बीचमा ऊर्जाको स्रोतका रूपमा कोइला हटाउने मिति तय गर्नमा ध्यान केन्द्रित गर्दै उहाँहरूले मङ्गलबार आफ्नो प्रतिज्ञालाई अन्तिम रूप दिने अपेक्षा गरिएको इटालेली क्लास सिएनबिसीले रिपोर्ट गरेको छ ।बेलायतका ऊर्जामन्त्री एन्ड्र्यु बोवीले भन्नुभयो, "हामीसँग सन् २०३० को पहिलो छ महिनामा कोइलालाई चरणबद्ध गर्ने सम्झौता भएको छ।"

जि-७ मा क्यानाडा, संयुक्त राज्य अमेरिका, फ्रान्स, जर्मनी, इटाली, संयुक्त अधिराज्य र जापान समावेश छन् । बैठकहरूमा सामान्यतया युरोपेली सङ्घ (इयु) का शीर्ष अधिकारीहरू उपस्थित हुन्छन् ।क्लाइमेट एनालिटिक्सको हालैको प्रतिवेदनले यीमध्ये कुनै पनि देशले सन् २०३० का लागि आफ्नो विद्यमान उत्सर्जन लक्ष्यहरू पूरा मार्गमा नभएको बताएको छ।

# सन् २०२४ मा एसिया प्रशान्त क्षेत्रको अर्थतन्त्र ४.५ प्रतिशतले वृद्धि हुने

**सिन्ह्वा**

सिङ्गापुर । अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले मङ्गलरबा सिङ्गापुरमा आयोजना गरेको आफ्नो 'क्षेत्रीय आर्थिक दृष्टिकोण एशिया र प्रशान्त' कार्यक्रममा एसिया प्रशान्त क्षेत्रको वृद्धि सन् २०२३ मा पाँच प्रतिशतको तुलनामा यस वर्ष चार दशमलव पाँच प्रतिशत रहने जनाएको छ ।एसिया-प्रशान्त विश्वको सबैभन्दा गतिशील क्षेत्र रहने अपेक्षा गरिएको छ। यो क्षेत्रले सन् २०२४ मा विश्वव्यापी वृद्धिको लगभग ६० प्रतिशत योगदान पुऱ्याउने प्रतिवेदनमा उल्लेख छ।



धेरै जसो आसियान देशहरूमा लचिलो घरेलु उपभोगदेखि प्रशान्त टापु देशहरूमा पर्यटनमा तीव्र वृद्धिसम्म यस क्षेत्रले विविध वृद्धि चालकहरूलाई अँगालेको आइएमएफले बताएको छ। निकट-अवधि जोखिमहरू अहिले व्यापकरूपमा सन्तुलित छन्। मुद्रास्फीतिमा कमी र पहिलेको मौद्रिक सहजताको सम्भावनाले नरम अवतरणको सम्भावना बढेको आइएमएफले उल्लेख गरेको छ।

युरोप र संयुक्त राज्य अमेरिकामा अपेक्षितभन्दा बलियो वृद्धिले एसियाका निर्यातकर्ताहरूमा वृद्धि ल्याउने छ तर बढ्दो भू-आर्थिक विभाजन र भूराजनीतिक तनावले यस क्षेत्रको मध्यम-अवधिको वृद्धिमा गम्भीर नकारात्मक असरहरू उत्पन्न भइरहेको छ।

आइएमएफले केन्द्रीय बैंकहरूले लक्ष्यमा मुद्रास्फीति सहजरूपमा फर्किने कुरा सुनिश्चित गर्नुपर्ने र नीति निर्माताहरूले फेडरल रिजर्भले अनुमानित ब्याज दर चालहरूमा अत्यधिक निर्भर निर्णयहरू गर्नबाट जोगिनु पर्ने सुझाव दिएको छ।

# तेल अविवमा गर्मीले तोड्यो ८५ वर्षको रेकर्ड

**टिपिएस**

तेल अविव । मुलुक प्रचण्ड गर्मीले तातेका बेला इजराइल मौसम विज्ञान सेवा (आइएमएस) ले ग्रेटर मेट्रोपोलिटन क्षेत्रमा ८५ वर्षमा रेकर्ड गरिएको वर्षहरूमा बिहीबार अप्रिलको सबैभन्दा तातो दिन भएको बताएको छ।

आइएमएसले बिहीबार दिउँसो ४० दशमलव सात डिग्री सेल्सियस मापन गरेको छ । यो सन् १९३९ मा मापन गरिएको ४० दशमलव चार डिग्री सेल्सियसभन्दा धेरै तातो थियो । यभने र नित्जन समुदायमा पनि यस्तै प्रकारको कीर्तिमान तोडिएको आइएमएसले बताएको छ । मौसमका बावजुद इजराइलीहरू पासओभर पर्वका लागि एक साताको बिदाको आनन्द लिँदै मुलुकका पार्कमा निक्लेका छन्। प्रकृति तथा पार्क प्राधिकरणले दिउँसोसम्म ५५ हजार मानिस पार्क तथा प्राकृतिक आरषामा प्रवेश गरिसकेको बताएको छ । प्राधिकरणले बाहिरबाट आउनेहरूलाई पर्याप्त मात्रामा पानी र सनस्क्रिन ल्याउन आग्रह गरेको छ । इजराइली तटका सबै समुद्री तटमा पनि मानिसहरूको खचाखच थियो।

यसैबीच स्वास्थ्य मन्त्रालयले जनता विशेषगरी वृद्ध, रोगी तथा दीर्घकालीन रोग लागेकाहरूलाई घाममा ननिस्कन र अनावश्यक शारीरिक परिश्रम नगर्न आग्रह गरेको छ।

# ‘लगानी सम्मेलनमा उठान भएका विषयलाई तत्काल कार्यान्वयनमा लगिने छ’

काठमाण्डु । सरकारले सोमबार काठमाडौँमा सम्पन्न भएको तेस्रो लगानी सम्मेलनमा उठान भएका महत्वपूर्ण विषयलाई तत्काल कार्यान्वयनमा लैजाने भएको छ । लगानी बोर्डको मुख्य आयोजना तथा नेपाल उद्योग वाणिज्य महासङ्घ सहआयोजनामा आइतबार र सोमबार दुई दिनसम्म सञ्चालन भएको सम्मेलनमा उठाइएका विषयलाई सरकारले तत्काल कार्यान्वयन लैजाने तयारी गरेको हो । लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत तथा लगानी सम्मेलन २०२४ निर्देशक समितिका सदस्य सचिव सुशील भट्टले सम्मेलन सफल रहेको जनाउँदै यसपछि पनि निरन्तर ‘फलोअफ’ संयन्त्रका साथ अगाडि बढ्ने प्रतिबद्धता जनाउनुभएको छ । “उदाहरणका लागि लगानी बोर्डसँग गाँसिएको या कार्य क्षेत्रमा भएका १२ वटा परियोजनाको हकमा ४५ दिनको म्याद दिएर आइतबार नै सूचना प्रकाशन पनि गरिसकेका छौँ”, उहाँले भन्नुभयो, “यो सुरु भइसकेपछि ती प्रस्तावकको आर्थिक प्राविधिक पक्षलाई मूल्याङ्कन गरेर सूचीकृत गर्ने छौँ । त्यसमा सिलबन्दी प्रस्ताव माग गर्ने छौँ र ठोस आयोजनाबाट अगाडि बढ्ने छौँ ।”



उहाँले लगानी प्रवर्द्धनका लागि अनुकूल र प्रतिस्पर्धात्मक वातावरण सिर्जना गरेको सन्देश दिन नेपाल सफल भएको बताउनुभएको छ । तेस्रो लगानी सम्मेलनमा प्रदर्शन गरेका परियोजनामा संसारभरका व्यवसायी, उद्यमी र लगानीकर्ताबाट अत्यधिक चासो प्राप्त भएको उहाँको भनाइ छ । ऊर्जा, सूचना प्रविधि, पर्यटन र पूर्वाधारलगायतका क्षेत्रका प्राथमिकता एवं सम्भावित परियोजना प्रदर्शन गरेर नेपाललाई एक आकर्षक लगानी गन्तव्यको रूपमा प्रस्तुत गर्न सफल भएका भट्टले बताउनुभयो ।

यसैगरी स्वदेशी लगानीकर्ताले पनि नेपालमा लगानी मैत्री वातावरण बन्दै गइरहेको जनाउँदै सम्मेलन सफल रहेको टिप्पणीसमेत गर्नुभएको छ । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्र ढकालले सम्मेलन सफल रहेको जनाउँदै अब कार्यान्वयनको पक्षलाई जोड दिन आग्रह गर्नुभएको छ । “फलोअफ नगरेकै कारण विगतका लगानी सम्मेलनमा कतिपय प्रतिबद्धता गरिएका लगानीहरु कार्यान्वयनमा आउन सकेनन्”, उहाँले भन्नुभयो, “सम्मेलनले नेपालमा लगानीको अवसर रहेको र राम्रो मुनाफा दिन सक्छ भन्ने लगानीकर्तालाई दिएको छ ।”

अध्यक्ष ढकालले तेस्रो लगानी सम्मेलन सुरु भएपछि जारी भएको अध्यादेशले निजी क्षेत्रलाई प्रोत्साहन दिन खोजेको बताउनुभयो । “हामीले कुन कुन कानुन सुधार गर्नुपर्छ भन्ने विषयमा सरकारलाई सुझाव दिएका थियौँ । हामीले दिएका कतिपय सुझाव अध्यादेशले समेट्न नसके पनि समग्रमा हाम्रो माग सम्बोधन भएको छ”, उहाँले भन्नुभयो, “सरकार आन्तरिक तथा बाह्य लगानी प्रवर्द्धनका लागि प्रयन्त रहेको सकारात्मक सन्देश गएको छ ।

भारत, चीन, अमेरिकालगायतका मुलुकबाट आउने लगानीकर्ता तथा विकास साझेदार निकायले नेपालमा लगानीको सम्भावना रहेछ भन्नुभयो । यसले पनि निकै सकारात्मक सन्देश दिएको छ ।” उहाँले ती लगानीकर्ताले नेपालको जलविद्युत्, पर्यटन, कृषि तथा सूचना प्रविधि क्षेत्रमा लगानी गर्न उत्सुक देखिएको बताउनुभयो । सबै राजनीतिक दलले लगानी सम्मेलनमा गरेको प्रतिबद्धताले महत्वपूर्ण सन्देश दिएको पनि उहाँले जानकारी दिनुभयो ।

उहाँका अनुसार अब सरकारले नियमावली, कार्यविधि, बनाउने लगानी प्रतिबद्धता गर्ने लगानीकर्तालाई फलोअफ गर्दै जान आवश्यक रहेको छ । लगानी सम्मेलनमा सबै राजनीतिक दलहरु एकैढिक्का भएर प्रतिबद्ध हुनुले लगानीमैत्री वातावरण तय भएको सकारात्मक सन्देश प्रवाह गरेको अध्यक्ष ढकालको भनाइ छ ।

लगानी बोर्डका अनुसार सम्मेलनमा आठ सयभन्दा बढी विदेशी प्रतिनिधिसहित दुई हजार पाँच सयभन्दा बढीको सहभागिता थियो । सम्मेलनका क्रममा आशयपत्र माग गरिएका १९ र मार्केट साउन्डिङ (लगानीकर्ताको प्रतिक्रिया सुङ्कलन) नौ परियोजनासहित कूल एक सय ५४ परियोजना प्रस्तुत गरिएको थियो । आशयपत्र पेश गर्ने लगानीकर्तालाई ऊर्जा परियोजनाको हकमा ४५ दिन र गैरऊर्जा परियोजनाको हकमा ३५ दिनको समय प्रदान गरिएको छ ।रासस

# ‘आगामी बजेट पर्यटन, सीप विकास र उद्योग सञ्चालनमा जोड दिनुपर्ने’

काठमाण्डु । सांसदहरुले आगामी आर्थिक वर्षको बजेट खेल पर्यटन, परम्परागत सीप विकास, बन्द भएका उद्योग सञ्चालनलगायतमाकेन्द्रितहुनुपर्नेमा जोड दिनुभएको छ ।

राष्ट्रियसभा, विकास, आर्थिक मामिला तथा सुशासन समितिमा आज भएको पूर्व-बजेट छलफलसम्बन्धी प्रतिवेदन २०८१ मा सहभागी सांसदहरुले विदेश पलायन रोक्नुपर्ने,बजेटफछ्र्योटमा छलफल हुनुपर्ने, रैथाने बीउ तथा बिजनको संरक्षणलगायतका विषयमा ध्यानाकर्षण गराउनुभएको हो ।



समितिकी सभापति कमला पन्तले धेरै मन्त्रालयले बजेट नै खर्च गर्न नसकेको बताउनुभयो । उहाँले भन्नुभयो, “धेरै मन्त्रालयहरुले बजेट खर्च गर्न सकेका छैनन् । तलब भत्ता र निर्माणमा मात्रै जोड दिएका छन् । जलवायु परिवर्तनदेखि सामाजिक सुरक्षा सम्मका बजेटको कुरा छ, सुशासनप्रति संवेदनशील नभएको भन्ने पनि आएको छ ।”

समितिका सचिव डा रोजनाथ पाण्डेले प्रतिवेदन प्रस्तुत गर्नुहुँदै सम्पूर्ण बजेट अनिवार्यरुपमा जलवायु, लैङ्गिक र दिगो विकास लक्ष्यअनुरुप समेटिनुपर्ने सुझाव दिनुभयो । प्रतिवेदनमा भनिएको छ, “दिगो विकास लक्ष्यअनुसार अनिवार्यरुपमा तीन तहका सरकारका बजेट कोडिङ नहुनु, भएको पनि औचित्यपूर्ण नहुनु, बजेट विनियोजन भएको अवस्थामा पनि खर्च हुन नसक्नु, अनाधिकृत रुपमा बजेट रकमान्तर गरी खर्च गर्नुजस्ता सरकारी तवरबाट बजेट अनुशासन पालना गरेको पाइएन ।”

पाण्डेले भन्नुभयो, “सरकारले वित्तीय व्यवस्थापन प्रभावकारी बनाउन बेरुजु फछ्र्योट, राजस्व असुली छानबिन र करका दायरा विस्तार गरी राजस्व वृद्धि गर्नेतर्फ कदम चाल्न जरुरी देखियो । बजेटको मिति नजिएकाले जति सक्दो छिटो छलफल गरी सुझाव पठाइहाल्नुपर्नेछ ।”

प्रतिवेदनमा सुझाव दिँदै सांसद उर्मिला अर्यालले आगामी बजेटले उद्योग सबलीकरणमा जोड दिनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, “लगानी सम्मेलनले धेरैजसो जलस्रोत, पर्यटन मात्र बढी समेटेको जस्तो लाग्यो । अहिले मुख्य कुरा बन्द भएका उद्योग सुचारु गर्नुपर्नेछ । खर्च उन्मुख भयौँ तर प्रतिफलमा सजग हुन सकेका छैनौँ ।”

सांसद कृष्णप्रसाद पौडेलले श्रमिकको सम्मान नभएकाले विदेश पलायन बढेको बताउनुभयो । “श्रमको पञ्जीकरण छैन । ‘ब्रेन ड्रेन’ होइन ‘लेबर ड्रेन’ भइरहेको छ। व्यावसायिक प्रतिष्ठानले यस्तोश्रम शोषण गरिरहेका छन् । न्यूनतम ज्याला पाएका छैनन्”, उहाँले भन्नुभयो, “किन यहाँ बस्छन् त, भर्ना भएका विद्यार्थी ड्रपआउटको संख्या बढिरहेको छ। उनीहरुलाई टिकाउने अवस्था के छ, यसमा पनि सोच्नुपर्छ ।”

सांसद वामदेव गौतमले आफ्नै देशमा उत्पादन गर्ने वातावरण मिलाउन प्रोत्साहन गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, “सामूहिक उत्पादनमा जोड दिनुपर्छ । निर्माण, उत्पादन, वैज्ञानिक खोजमा लाग्नुपर्छ ।” सांसद झक्कुप्रसाद सुवेदीले विकसित देशहरुले प्राथमिकता पत्ता लगाएर काम गरिरहेका र सफल भएको उदाहरण दिँदै भन्नुभयो, “हाम्रो प्राथमिकता के हो ? त्यसलाई पहिचान गर्न सक्नुपर्छ । ऊर्जामा धेरै गर्न सकिन्छ, यसले छिटो परिणाम दिन सक्छ ।”रासस

# आर्थिक वृद्धिदर ३ दशमलव ५४ प्रतिशत अनुमान

काठमाण्डु। राष्ट्रिय तथ्याङ्क कार्यालयले चालु आर्थिक वर्ष २०८०/८१ मा नेपालले तीन दशमलव ५४ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने अनुमान सार्वजनिक गरेको छ। चालु आवको बजेटमार्फत सरकारले छ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेकोमा लक्ष्यको आधा बराबर मात्रै वृद्धिदर हासिल हुने अनुमान तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको हो।

तथ्याङ्क कार्यालयले मंगलबार आव २०८०/८१ को वार्षिक राष्ट्रिय लेखा तथ्याङ्क सार्वजनिक गर्दै यस्तो अनुमान सार्वजनिक गरेको हो। “चालु आव २०८०/८१ मा आर्थिक वृद्धिदर आधारभूत मूल्यमा तीन दशमलव ५४ प्रतिशत र उपभोक्ता मूल्यमा तीन दशमलव ८७ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ”, कार्यालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ, “चालु आव २०८०/८१ मा उपभोक्ता मूल्यमा आधारित मुलुकको अर्थतन्त्रको आकार रु ५७ खर्ब चार अर्ब पुग्ने अनुमान छ।” त्यसैगरी, गत आव २०७९/८० मा नेपालको अर्थतन्त्रको आकार रु ५३ खर्ब ४८ अर्ब बराबर रहेको पनि तथ्याङ्क कार्यालयले जनाएको छ।

तथ्याङ्क कार्यालयले चालु आवमा कृषि क्षेत्रको वृद्धिदर प्रक्षेपण तीन दशमलव ०५ र गैरकृषि क्षेत्रको वृद्धि तीन दशमलव ७५ प्रतिशत रहने अनुमान गरेको छ। त्यसैगरी, प्राथमिक क्षेत्र तीन प्रतिशत, द्वितीय क्षेत्र एक दशमलव दुई प्रतिशत र सेवा क्षेत्र चार र दशमलव पाँच प्रतिशत रहेको छ।

चालु आवमा प्रतिव्यक्ति कूल गार्हस्थ्य उत्पादन अमेरिकी डलर एक हजार चार सय ३४ हुने प्रारम्भिक अनुमान गरिएको छ भने प्रतिव्यक्ति कूल राष्ट्रिय आय अमेरिकी डलर एक हजार चार सय ४५ रहने अनुमान गरिएको छ। चालु आवमा विभिन्न क्षेत्रको मूल्य अभिवृद्धि वृद्धिदर हेर्दा स्वास्थ्य तथा सामाजिक कार्यतर्फ पाँच दशमलव ५२, शिक्षातर्फ दुई दशमलव ७१, सार्वजनिक प्रशासन तथा रक्षातर्फ चार दशमलव ४९, प्रशासनिक तथा सहयोगी सेवातर्फ चार दशमलव ०४, पेसागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलापतर्फ चार दशमलव १५ प्रतिशतको वृद्धिदर अनुमान गरिएको छ।

त्यसैगरी, घरजग्गा कारोबारतर्फ दुई दशमलव ९८, वित्तीय तथा बीमा क्षेत्रतर्फ सात दशमलव ८०, सूचना तथा सञ्चारतर्फ चार दशमलव ९१ प्रतिशत, आवास तथा भोजन सेवातर्फ ८१ दशमलव ८४ प्रतिशत र यातायात तथा भण्डारण सेवातर्फ ११ दशमलव ८९ प्रतिशतको वृद्धि अनुमान गरिएको छ ।रासस


# भाखा नाघेको कर्जा बुझाउने वारे कृषि विकास बैंक लि. मधेश प्रदेश कार्यालय जनकपुरधामको २१ दिने सुचना

यस बैंकको तपशिलको कार्यालयबाट तपशिल बमोजिमका व्यक्ति तथा संस्थाहरुले निम्न उद्देश्यका लागी विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैकले पाउनुपर्ने अन्य रकमसमेत नबुझाएको हुँदा यो सुचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सुचना प्रकाशित गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली विनियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिँदा लेखिदिएको धितो लिलामी बिक्री वा अन्य व्यवस्था गरी बैङकको सम्पूर्ण लेना रकम असुल उपर गरिने जानकारी गराउदछौं। साथै तपशिल बमोजिमका व्यक्तिहरुलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सुचनाद्वारा जानकारी गराईएको छ ।

**सम्बन्धित कार्यालय :- कृषि विकास बैंक लि., शाखा कार्यालय ढल्केबर (धनुषा)**

| क्र. सं. | कर्जा ग्राहकको नाम | फा.नं. | आई.डि.नं. | पिता/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना | कर्जाको उद्देश्य | सावा रकम रु. | २०८० चैत्र मसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम | धितो मञ्जुरीनामा दिने /जमानत वस्नेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सन्तोष कुमार महतो | १०७३५ | १६०१२३५ | तेज नारायण महतो | रामेश्वर महतो | बटेश्वर-१ | सरल कृषि कर्जा | १०००००० | ५०००० | १०५०००० | |
| २ | राम सोगारथ महतो | १०६१२ | १२८१५२१ | राम उदगार महतो | मोहन महतो कोईरी | बटेश्वर गा.पा.-१ | सरल कृषि कर्जा | ८५०००० | ७२६०० | ९२२६०० | |
| ३ | शाह अटो स्पेयर पार्टस प्रो.दिप कुमार साह | १०२४७ | ६८११४७ | जिबछ साह | ढोढाई साह | बटेश्वर गा.पा.-४ | ब्यापार | ९००००० | ७६५०० | ९७६५०० | |
| ४ | हेल्दी होम पोली क्लीनिक प्रो.अमिनद्र भिन्दवार यादव | १०८५४ | १८२४५५८ | जगदेव भिन्दवार यादव | प्रमेश्वर भिन्दवार यादव | ध.न.पा. ०९ | ब्यापार | २२२०००० | २१५१०० | २४३५१०० | |
| ५ | श्री राम ज्वेलर्स प्रो. राम चन्द्र साह | १०२९७ | ६८१२७१ | पुरन साह | श्री साह | ध.न.पा. ०६ | ब्यापार | ६०००००० | ४६९५०० | ६४६९५०० | |
| ६ | बुध पाठशाला प्रो. राम पुकार यादव | १०७५७ | १६७०५९४ | बिन्देश्वर यादव | चौधरी यादव | ध.न.पा. ०९ | सेवा कर्जा | १५००००० | ९८५०० | १५९८५०० | |
| ७ | जागरन पशु पालन प्रो. सरिता भुजेल | १०९५२ | १८२८८३९ | भोज बहादुर | दल बहादुर | ध.न.पा. ०८ | सरल कृषि कर्जा | ९१५८०० | ३०००० | ९४५८०० | |
| ८ | समसुल नदाफ | ९२०२ | ६८०७०५ | इस्लाम नदाफ | सदिक नदाफ | ध.न.पा. ०८ | सरल कृषि कर्जा | ७२५००० | ८०००० | ८०५००० | |
| ९ | चन्दरबती देवी यादव | १०६२० | १२५०६९९ | परि यादव | राम सोनार यादव | ग.चारनाथ ०१ | ब्यापार | ३९२७२७२ | ८२१,००० | ४७४८२७२ | |
| १० | चन्चला रांगा फार्म प्रो.दिल कुमारी मगर | १०७८२ | १७०२५७४ | लाल बहादुर | ईन्द्र बहादुर पुलामी | ग.चारनाथ ०५ | सरल कृषि कर्जा | ९५०००० | १६३५०० | १११३५०० | |
| ११ | उत्तम पोली क्लीनिक प्रो.मुन्द्रिका प्रसाद पटेल | ३७० | ६८२३७४ | राम नारायण पटेल | अमिर सिंह पटल | ग.चारनाथ ०४ | सेवा कर्जा | १९००००० | ११०००० | २०१०००० | |
| १२ | हिरा मोति कन्सट्रक्सन प्रो.जय किशोर यादव | १०७५२ | १६२२६४६ | कर्म नारायण यादव | चुल्हाई | ग.चारनाथ ०१ | ओ.डि.कर्जा | १५००००० | १६५१०० | १६६५१०० | |
| १३ | असर्फि भिन्दवार यादव | ९०६६ | ६८१३५६ | राम लोचन | मलहार | धनुषाधाम | सरल कृषि कर्जा | ९००००० | १२९००० | १०२९००० | |
| १४ | रुपेश बिज भन्डार प्रो.राम प्रबोध महतो | १०८१९ | १७५९११२ | देन नारायण महतो | असर्फी महतो | लक्ष्मीनिवास ०५ | ब्यापार | १४००००० | ४२९५०० | १८२९५०० | |
| १५ | उन्नत जातको बंगुर पालन प्रो.राज कुमार पाखिन | १०७९७ | १७१७०५७ | गर्जमान | सोमन | मिथिला न.पा. ०४ | सरल कृषि कर्जा | ९५०००० | ८०६०० | १०३०६०० | |
| १६ | मारुति एण्ड आर्यन ट्रेडर्स प्रो.बैजनाथ प्रसाद चौधरी | १०९०७ | १९२४१३९ | बद्रि चौधरी | अबध किशोर चोधरी | मिथिला न.पा. ०६ | ब्यापार | १५००००० | ६४३०० | १५६४३०० | |
| १७ | भोज बहादुर मगर | १०६९७ | १५३०९११ | राम बहादुर | संत बहदुर पाटा | रातमाटे | सरल कृषि कर्जा | ७५०००० | ६७००० | ८१७००० | |
| १८ | अम्बिका फर्निचर प्रो. श्रीराम महतो कोईरी | | १५६३०९४ | गन्गाई महतो | | मिथिला न.पा. ०२ | ब्यापार | २९००००० | ४७०५०० | ३३७०५०० | |
| १९ | राम उदगार महतो | १०५७८ | १२३२१४८ | सिंघेश्वर महतो | रघु महतो | मिथिला न.पा. ०३ | सरल कृषि कर्जा | ५००००० | ४९५०० | ५४९५०० | |
| २० | राम दयाल राउत | ५५०९ | ६८१०७० | सिताराम राउत | शिव नन्दन | मिथिला न.पा. ०३ | सरल कृषि कर्जा | १८००००० | ३९३२०० | २१९३२०० | |
| २१ | ढल्केबर लिक्युईड हाउस प्रो.शुशिला कुमारी महतो | १०७२४ | १५५१५७८ | राम कृपाल महतो | बौएलाल महतो | मिथिला न.पा. ०५ | ब्यापार | ३५००००० | ३२०२०० | ३८२०२०० | |
| २२ | भावना फ्रुटस सेन्टर प्रो.रेखा देवी ठाकुर | ९३९१ | ६८१२२३ | शिव नन्दन ठाकुर | सगल | मिथिला न.पा. ०५ | ब्यापार | २०००००० | १३५५०० | २१३५५०० | |
| २३ | भगवती देवी | १०३९६ | ६८१४४८ | बिजय यादव | मखन यादव | मिथिला न.पा. ०५ | ओ.डि.कर्जा | १५००००० | २६४५०० | १७६४५०० | |
| २४ | अमरेश किराना पसल प्रो. अच्छेलाल महतो | १०७२६ | १५६०७६० | दोरिक महतो | बचकुन | मिथिला न.पा. ०६ | ब्यापार | ३०००००० | ३३६७०० | ३३३६७०० | |
| २५ | रामेश्वर मिष्ठान भन्डार प्रो.रिता कुमारी साह | ९६९६ | ६८०२८४ | रामनाथ साह | केश्वर साह | मिथिला न.पा. ०६ | ब्यापार | १४००००० | ३०१४०० | १७०१४०० | |
| २६ | एस वाई कन्सट्रक्सन एण्ड कैलाशपति जि.ओ.एस प्रो.सत्येन्द्र यादव | १०५४४ | ११७८५५८ | राम देव यादव | गन्पैत यादव | मिथिला न.पा. ०६ | सरल ठेका कर्जा | ९९०००० | ७०७०० | १०६०७०० | |
| २७ | बिबेक पुस्तक भन्डार प्रो. रमेश कुमार महतो | १०३०३ | ६८१२८५ | रघु महतो | नारायण महतो | मिथिला न.पा. ०७ | ब्यापार | २०००००० | २८८७०० | २२८८७०० | |
| २८ | बिमला कुमारी श्रेष्ठ | ५७८१ | ६८०८५७ | दुर्गा लाल | बाबु लाल | मिथिला न.पा. ०९ | सरल कृषि कर्जा | ९५०००० | २७००० | ९७७००० | |
| २९ | जितेन्द्र किराना पसल प्रो. महेन्द्र साह | १०३४७ | ६८१३६५ | सोनेलाल | पन्चु साह | मिथिला न.पा. ०९ | ब्यापार | ७००००० | २९००० | ७२९००० | |
| ३० | पुजा रेडिमेड स्टोर्स प्रो. लक्ष्मन महतो | १०३३२ | ६८१३४८ | बहादुर महतो | रौदि महतो | मिथिला न.पा. ०४ | ब्यापार | २७००००० | ४८३००० | ३१८३००० | |
| ३१ | न्यू घनश्याम किराना पसल प्रो.सुनिल कुमार महतो | १०७८१ | १७१०४४५ | चन्देश्वर महतो | भोला महतो | मिथिला न.पा. ०८ | ब्यापार | १५००००० | १७१००० | १६७१००० | |
| ३२ | आदर्स निर्माण सेवा प्रो.लालबाबु महतो | १०६८० | १३९४२५० | बिजय कुमार महतो | रामेश्वर महतो | मिथिला न.पा. ०६ | सरल ठेका कर्जा | ३४८१००० | १५२००० | ३६३३००० | |
| ३३ | न्यू राज किरान भन्डार प्रो.शिवसति देवी सहनी मल्लाह | १०७६१ | १६८८०१५ | देबु सहनी । बिलट मलाह | | मिथिला न.पा. ०६ | ब्यापार | २०००००० | २२८००० | २२२८००० | |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
मधेश प्रदेश कार्यालय जनकपुर

# जानकी मन्दिरमा सुरक्षा कडा भिखारीलाई सीमामा रोक

टुडे समाचारदाता

जनकपुरधाम । सुनचाँदी खोस्ने, पकेटमारी गर्ने घटनामा भारी बृद्धि भएपछि प्रहरीले जानकी मन्दिरमा सुरक्षा व्यवस्थालाई कडा बनाएको छ ।



गर्भगृह अगाडि दर्शनार्थीहरुको भीड हुन नदिन मन्दिरमा लाम लगाउने व्यवस्था गरिएको छ । महिला र पुरुषको छुट्टाछुट्टै लाम लगाएर दर्शनको व्यवस्था गरिएको छ ।

मन्दिरमा दर्शनार्थीहरुको भीड हुने बेला महिला र पुरुष लाइनको निगरानी गर्न महिला र पुरुष प्रहरीको छुट्टाछुट्टै व्यवस्था गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख एसपी महेश्वर तिवारीले बताएका छन् ।

'भीडको बेला लाइनलाई व्यवस्थितगरि स्नेचिंग र पकेटमारी हुन नदिन सुरक्षाकर्मीलाई सतर्क गराइएको छ' उनले भने, मन्दिरको गर्भगृह लगायतका स्थानमा रहेका सीसीटीभी क्मराहरुको मर्मतसंभार गरी सञ्चालनमा ल्याइएको छ ।

आन्तरिक र वाह्य पर्यटकको भीड बढेसँगै केही घटनाहरु भएको स्वीकार्दै एसपी तिवारीले भने-'जानकी मन्दिर परिसरलाई पूर्ण रुपमा सुरक्षित बनाउन विशेष प्रहरी परिचालन गरिएको छ ।'

मन्दिरको गर्भगृहको अगाडि भाग सम्म सर्वसधारण गएर दर्शन गर्ने क्रममा चोर, पकेटमारहरुले महिलाको नाक, कान, घाँटीबाट सुन, हिराका बहुमुल्य गरगहनाहरु खोस्न थालिएको छ । पकेटमारीको घटनामा समेत बृद्धि भएको छ ।

मन्दिर परिसर र बाहिरीद्वारमा रहने गरेका भिखारीहरुलाई हटाइएको छ । भारतबाट आउने भिखारीहरुलाई सीमा नाकाबाट नै छिर्न रोक लगाइएको एसपी तिवारीले जनाए ।

'जानकी मन्दिर परिसर र वरिपरि छिमेकबाट आएका भिखारीहरु रहने र उनीहरुसँगै भएका मानिसहरु पनि घटनामा संलग्न भएको देखिन्छ' उनले भने-' शान्तिसुरक्षाको पूर्ण प्रत्याभूति दिन प्रहरी कार्यमा जुटेका छन् ।'

गत मंगलवार भारतको बैंगलुरुबाट आएका महिला पर्यटकहरु जानकी मन्दिरमा दर्शन गर्न गएको बेला गर्भगृह नजिकबाट १ सय १० ग्राम सुन खोसिएको थियो ।त्यस मध्ये एक जना महिलाको ७० ग्रामको र एकजना महिलाको ४० ग्रामको सुनको सिक्री रहेको पीडितहरुले जनाएका छन् ।

एसपी तिवारीले सुन खोस्नेहरुको पहिचान भइसकेको र चाँडै नै ती व्यक्तिहरुलाई नियन्त्रणमा लिएर सुन बरामद गरिने बताएका छन् । मन्दिरमा बढेको भीडलाई व्यवस्थित गरिएसँगै गरगहना खोस्ने र पकेटमार्ने घटना रोकिएको उनले बताए ।

भारतको अयोध्यामा भगवान रामललाको प्राणप्रतिष्ठा भएसँगै जनकपुरधाममा हिन्दू पर्यटकहरुको संख्यामा भारी बृद्धि भएको छ ।

# नेपालको योगदान बारे संयुक्त राष्ट्रसंघका महासचिव प्रशंसा

टुडे समाचारदाता

काठमाण्डु । मानव अधिकार, विश्व शान्ति र सुरक्षा एवं दिगो विकासका लक्ष्यहरुको प्राप्तिमा पुर्‍याएको योगदान बारे संयुक्त राष्ट्रसंघका महासचिव एनटोनियो गुट्रेसले प्रशंसा गरेका छन् ।



संयुक्त राष्ट्रसंघको मुख्यालय न्यूयोर्कमा उप-प्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादवसंग भएको द्विपक्षीय भेटवार्तामा महासचिव गुट्रेसले यस्तो प्रशंसा गरे ।

उनले आफ्नो नेपाल भ्रमणको स्मरण गर्दै नेपालले मानव अधिकार, विश्व शान्ति र सुरक्षा एवं दिगो विकासका लक्ष्यहरुको प्राप्तिमा पुर्‍याएको योगदानको प्रशंसा समेत गरे ।

साथै, शान्ति स्थापनार्थ संयुक्त राष्ट्रसंघ अन्तर्गत शान्ति सेना पठाउने मुलुकहरुमा नेपाल अग्रस्थानमा रहेको बताउँदै नेपाली शान्ति सेनाले खेलेको भूमिकाको सराहना गरे ।

महासचिव गुट्रेशले नेपालले स्वास्थ्य क्षेत्रमा हासिल गरेका उपलब्धिहरु मूलतः मेन्टल हेल्थ, एन्टी माइक्रोबिल रेसिस्टेन्स, सफल एन्टिटिभको प्रशंसा गर्दै संयुक्त राष्ट्रसंघ र यसका आवद्ध निकायहरु दिगो विकासका लक्ष्यहरुको प्राप्ति र आइसीपीडी कार्यक्रम या एक्सनको कार्यान्वयनमा थप सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गरे ।

नेपालले जलवायु परिवर्तनको असर भोग्नु परेकोले सोको असरलाई सम्बोधन गर्न क्लाइमेट जस्टीसको आधारमा न्यूनिकरण तथा अनुकुलन सहायता पाउनु पर्नेमा जोड दिदै भने-'यो नेपालको अधिकार हो ।'

सो भेटको क्रममा उप-प्रधानमन्त्रीले संयुक्त राष्ट्रसंघको चार्टर एवं सिद्धान्तप्रति नेपाल प्रतिबद्ध रहेको बताउँदै नेपालको सामाजिक आर्थिक विकासमा संयुक्त राष्ट्रसंघको योगदानको प्रशंसा गरे ।

नेपालले गरिबी निवारण, स्वास्थ्य सेवाको विकास, विस्तार, कुल प्रजननदर र मातृ मृत्युदर घटाउने लयागतका महत्वपूर्ण उपलब्धिहरु हासिल गरेको बताए ।

नेपाल अतिकम विकसित र भूपरिवेष्ठित मुलुक रहेको एवं जलवायू परिवर्तन र विश्वमा बढ्दो द्वन्द्वको कारणले गर्दा नेपालले दिगो विकासका लक्ष्यहरुका साथै स्वास्थ्य क्षेत्रमा प्राप्त गरेका उपलब्धिहरुलाई जोगाई राख्नु निकै चुनौतिपूर्ण रहेको हुदाँ संयुक्त राष्ट्रसंघ लगायतका अन्तर्राष्ट्रिय विकास साझेदार मुलुकहरुले सार्थक सहयोग पुर्‍याउनको लागि महासचिवसमक्ष मन्त्री यादवले अनुरोध गरे ।

सो भेटघाटमा संयुक्त राष्ट्रसंघका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापा सहित नेपाल सरकारका उच्चपदस्थ कर्मचारीहरुको उपस्थित थियो ।

# डेढ क्वीन्टल बढी गाँजा बरामद



टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको दक्षिणवर्ती सीमानाकाबाट प्रहरीले भारी मात्रामा लागूऔषध गाँजा बरामद गरेको छ ।

जिल्लाको मुखियापट्टी मुसहरनिया गाउँपालिका- ६ स्थित बैरीयामा ३० वर्षीय छोटे यादवको गोठमा लागूऔषध गाँजा लुकाइ राखेको अवस्थामा १५९ किलोग्राम बरामद भएको धनुषा प्रहरीका प्रवक्ता तथा प्रहरी नायव उपरीक्षक रञ्जन अवाले जानकारी दिए ।

जिप्रका धनुषा र मातहतका प्रहरी चौकी बहेडाबेलाबाट खटेको संयुक्त प्रहरी टोलीले गोठ भित्र चेकजाँच गर्दा लागूऔषध गाँजा १५९ किलोग्राम फेला परेको थियो ।

गाँजा फेला परेसगै छोटे यादवलाई समेत प्रहरीले पक्राउ गरी लागूऔषधबारे थप अनुसन्धान भइरहेको उनले बताए ।

पक्राउ परेका आरोपित यादव विगत पाँच वर्ष देखि भारतमा बसेर कारोबार गर्दै आएको जनाइएको छ ।

# सशस्त्र प्रहरीको संख्या बढाउनु आवश्यक

टुडे समाचारदाता

जलेश्वर । सीमा सुरक्षाको मोर्चामा महत्वपूर्ण दायित्व निर्वाह गर्दै आएको सशस्त्र प्रहरीले सीमा क्षेत्रबाट ५ करोड बढीका अवैध सामानहरू बरामद गरेको छ । सीमा इलाकाबाट दर्जन बढीलाई उद्धार गर्नुका साथै दैवी विपद्का १ सय १६ वटा प्रभाव क्षेत्रमा उद्धार तथा व्यवस्थापन र अनेकन् सामाजिक दायित्व निर्वाह गरेको सशस्त्रले जनाएको छ ।




महोत्तरीमा १७ औं स्थापना दिवसको अवसर पारेर सशस्त्र प्रहरीले जलसागरस्थित नेपाल ९ नं गण हेड क्वार्टरमा मंगलबार आयोजना गरेको कार्यक्रममा सशस्त्र उपरीक्षक एवं गणपति विनोद केसीले चालु आवको वैशाख १६ गतेसम्म विभिन्न सीमा नाकाबाट ५ करोड ३० लाख २७ हजार मूल्य बराबरका अवैध सामान बरामद गरी भन्सार दाखिला गरेको बताए ।

यस अवधिमा विभिन्न प्रलोभन तथा झुटो आश्वासनमा पारी भारततर्फ लैजान लागिएका १६ जनालाई दक्षिणी सीमा इलाकाबाट उद्धार गरी सशस्त्र प्रहरीले परिवारको जिम्मा लगाएको उनले स्मरण गराए । चालु आर्थिक वर्षको ९ महिनामा विपद्का विभिन्न १ सय १६ वटा घट्नमा परिचालित भई प्रभाव क्षेत्रमा उद्धार तथा व्यवस्थापन गर्नुका साथै रक्तदान, सरसफाइ, प्रतीक्षालय निर्माण लगायत चेतनामूलक कार्यक्रमहरूमार्फत सशस्त्र प्रहरीले सामाजिक दायित्व निर्वाह गर्दै आएको विवरण प्रस्तुत गरे ।

स्थापना दिवस समारोहलाई सम्बोधन गर्दै प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले सशस्त्र प्रहरीले शान्ति सुरक्षाको पाटोमा निर्वाह गरेको भूमिकाको चर्चा गर्दै तस्करी एवं क्रस बोर्डर अपराध नियन्त्रणका लागि सशस्त्र प्रहरीको संख्या बढाउनु पर्ने आवश्यकता औंल्याए । सशस्त्र प्रहरी बल नेपाल नं २ छिन्नमस्ता बाहिनी मुख्यालयका बाहिनीपति डिआइजी दीपेन्द्र शाहले आफ्ना कार्यक्षेत्रमा पूर्ण व्यावसायिक रूपमा परिचालित भई नागरिकको सुरक्षा, मानव अधिकारको सम्मान र कर्तव्य परायण भई दायित्व निर्वाह गर्न मातहतका सशस्त्र प्रहरीलाई निर्देशन दिए । उनले मधेश प्रदेशमा परिचालित सशस्त्र प्रहरीका सम्पूर्ण इकाईहरूको कडा परिश्रम, उच्च मनोबल र दायित्व बोधले नं २ छिन्नमस्तालाई प्रधान कार्यालयले उच्च मूल्याङ्कन गर्दै यस वर्षको उत्कृष्ट वाहिनीको रूपमा पुरस्कृत गरेको उल्लेख गरे ।

डिआइजी शाहले भने-' यो उपलब्धि, यो सम्मान र यो गरिमा हामी सबैको साझा प्रयास र परिश्रमको प्रतिफल हो ।' जलेशवर नगरपालिकाको खानेपानी कार्यालयमा २०६४ साल वैशाख महिनामा सीमा सुरक्षा कार्यालय महोत्तरीको नामले स्थापना भएको सशस्त्र प्रहरीको २०६८ सालमा मटिहानी नपा ९ जलसागरस्थित आफ्नै भवनमा स्थानान्तरित भएदेखि स्थापना दिवस मनाउँदै आएको छ ।

२०७५ सालको पुर्नसंरचनासंगै यही कार्यालय 'सीमा सुरक्षा बल' बाट रूपान्तरण भई सशस्त्र प्रहरी बल, नेपाल नं ९ गण हेडक्वार्टर बनेपछि यसको दायित्वमा क्रमिक विस्तार हुँदै आएको छ । यसअघि सीमा सुरक्षाका मात्र जिम्मेवारी निर्वाह गर्दै आएको सशस्त्रले गण बनेपछि जिल्लाको शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन, रेल्वे, लोकमार्ग, कारागार एवं सीमा सुरक्षा लगाएको दायित्व निर्वाह गर्दै आएको छ ।

# ३९ वटा पुल निर्माणाधीन अवस्थामा

**टुडे समाचारदाता**

जनकपुरधाम । सहज रूपमा आवतजावत गर्न धनुषा र महोत्तरी जिल्लाका विभिन्न स्थानमा पुल निर्माणको काम भइरहेको छ । धनुषा र महोत्तरी जिल्ला कार्य क्षेत्र रहेको सडक डिभिजन कार्यालय जनकपुरधामले दुवै जिल्लामा गरी ३९ वटा पुल निर्माण गरिरहेको छ ।



सडक डिभिजन कार्यालय जनकपुरधामका इन्जिनियर विकास झाले कार्यालयको क्षेत्र अधिकारभित्र ३९ वटा पुल निर्माणाधीन अवस्थामा रहेको बताए । त्यसमध्ये छ वटा पुल चालु आर्थिक वर्षमा सम्पन्न हुने उनले जानकारी दिए । उनका अनुसार भारतसँगको सीमा विवादका कारण तीन वटा पुलको निर्माण कार्य रोकिएका छन् । त्यस्तै दुई वटा जग्गा विवाद र चार वटाको नक्सा परिवर्तन गर्नुपर्ने भएकाले पुल निर्माणको काम रोकिएको छ ।

चालु आर्थिक वर्षमा कुनै पनि पुलको ठेक्का नलागेको बताउँदै इन्जिनियर झाले सबै अघिल्लो वर्षहरूको योजना भएको बताए । उनले चालु आर्थिक वर्षमा सम्पन्न हुने पुलको ९० देखि ९५ प्रतिशत काम सम्पन्न भएर आवतजावतका लागि खुला गरिएको र बाँकीको काम केही दिनभित्र सकिने जानकारी दिए । उनले भने-'समयमा नै पुल निर्माणको काम सम्पन्न गर्न तदारुकताका साथ काम अघि बढाइएको छ । अधिकांश पुलको फाउन्डेसन उठाउने र स्वल्याब ढलानको काम भइरहेको छ ।' पुल निर्माणपछि यातायातलगायत मानिसलाई ओहोरदोहोर गर्न सहज हुने इन्जिनियर झाको भनाइ छ ।

ढल्केबर-जनकपुरधाम छ लेन सडकअन्तर्गत मिथिला नगरपालिका-६, स्थित बसही खोलामा विगत तीन वर्षदेखि अलपत्र परेको पुल निर्माणको विषयमा उनले ठेकेदार पक्षसँग ठेक्का सम्झौता तोड्ने मनस्थितिमा कार्यालय पुगेको बताए ।

दुई वर्षभित्र पुल निर्माणको काम सक्ने गरी आर्थिक वर्ष २०७५/०७६ मै नागार्जुन जेभि कन्स्ट्रक्सनलाई ठेक्का दिइएको थियो । त्यस अवधिमा पुल निर्माण नभएपछि २०८० साल असार मसान्तभित्र सक्ने थप समय दिइएको थियो तर त्यस अवधिमा पनि पुल निर्माण गर्न नसकेपछि ठेकेदार पक्षसँग ठेक्का सम्झौता भङ्ग गर्ने तयारीमा कार्यालय रहेको इन्जिनियर झाको भनाइ छ ।

# घरेलु फोहर व्यवस्थापन सम्बन्धी तालिम सुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । फोहर व्यवस्थापन सम्वन्धी तालिम जनकपुरधाममा सुरु भएको छ ।

नेपाल विकास समाज चितवनले जनकपुरधाम उप-महानगरपालिकासंगको समन्वयमा तालिम सुरु भएको छ । घरेलु फोहरको उचित व्यवस्थापन मार्फत नेपालको वातावरणीय तथा जनस्वास्थ्य परियोजना (Solid Health) अन्तर्गत 'घरेलु फोहर व्यवस्थापनका लागि कम्पोष्टिङ करेसावारी एवं कौशी खेती सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम' सुरु भएको छ ।




जनकपुरधामउपमहानगरपालिकाका उप-प्रमुख किशोरी साहले एक समारोह बीच तीन दिने उक्त तालिम उद्घाटन गरेका थिए । सो क्रममा उप-प्रमुख साहले घरेलु फोहर घरमै व्यवस्थापन गरेर, उपमहानगर पालिकालाई सफा सुघर बनाउँन नगरवासी संग आग्रह गरेकाथिए-'घरमा प्रयोग हुने तरकारीको बोक्रा, चियापत्ती, बाँकीबचेका भात, दाल आदिबाट घरमै मल बनाउँन सकिन्छ । करेसावारी र कौशी खेतीमा प्रयोग गर्न सकिन्छ । उनले भनेका थिए ।

जनकपुरधामउपमहानगरपालिकासंगको सहकार्यमा नेपाल विकास समाज, चितवनले उपमहानगर पालिकाको ८, ९, १०, १३ र १४ नम्बर वडामा यो परियोजना संचालनगर्दै आएको छ । परियोजना अन्तर्गत एक वर्षअघि १५९ गृहणीलाई घरेलु फोहर व्यवस्थापनका लागि कम्पोष्टिङ करेसावारी एवं कौशी खेती सम्बन्धी तालिम दिइएको थियो । तालिम प्राप्त मध्ये प्रति वडा ५/५ जना गरी २५ जनालाई प्रशिक्षक तालिम दिन लागिएको समाजकी निर्देशिका गीता साहले जानकारी दिइन् ।

'घरबाट निस्किने कुहिने फोहरलाई व्यवस्थापन गरेर, मल बनाउँन सकिन्छ । मलको प्रयोग करेसावारी र कौशी खेतीगर्न सकिन्छ । यसबाट वातावरण र जनस्वास्थ्यमा सकारात्मक प्रभाव पर्छ' निर्देशिका साहले भनिन ।

प्रशिक्षकहरुलाई समाजकी अध्यक्ष गीता साह, भरतपुरकी तुलसा ज्ञवाली संगै जनकपुरधाम उपमहानगर पालिकाका वातावरण, स्वास्थ्य, कृषि शाखाका प्रमुखहरु सहभागीलाई प्रशिक्षण दिने जनाइएको छ ।

निर्देशिका गीता साहका अनुसार तीन दिने तालिमको पहिलो दिन दिइएको तालिमको समीक्षा गरिने छ भने दोस्रो दिनफोहर व्यवस्थापन, कम्पोष्ट मल निर्माण तथा करेसावारी र कौशी खेतीबारे व्यावहारिक सीप सिकाइने छ । तेस्रो दिन अन्य व्यक्तिहरुलाई तालिम दिने सीपबारे जानकारी दिइने जनाइएको छ ।

# प्रचार प्रसार समिति विस्तार



**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालको आसन्न महाधिवेशन अन्तर्गत प्रचार प्रसार समिति विस्तार गरिएको छ । जीतेन्द्रकुमार यादवको संयोजकत्वमा गठित समितिले पूर्णता पाएको छ ।

संयोजक यादवको अध्यक्षतामा मंगलबार बसेको बैठकबाट १७ सदस्यीय समिति गठन गरिएको छ । प्रचार प्रसार समितिले विभिन्न चार वटा उप समिति समेत गठन गरेको छ । उप समितिका संयोजकहरु समेत प्रचार प्रसार समितिको सदस्य रहने गरी १७ सदस्यीय समिति गठन गरिएको छ । समितिका सदस्यहरुमा अतिशकुमार मिश्र, मनोजकुमार यादव, अभरेन्द्र यादव, प्रदेश समितिबाट तोकिएको प्रतिनिधि एक जना, स्मृति मिश्र, पूनम झा 'मैथिल' रहेका छन् भने विभिन्न ८ वटा जिल्लाबाट प्रतिनिधित्व हुने गरी कम्तीमा एक एक जना सदस्य थप गर्ने समितिका संयोजक यादवले जानकारी दिए ।

समितिले मिडिया व्यवस्थापन उप-समिति अभरेन्द्र यादव संयोजक, रचात्मक नारा तयारी उप-उप समितिमा पूणम झा मैथिल संयोजक, सांस्कृति तथा गीत रचना निर्माण उप-समिति स्मृति मिश्र संयोजक, झण्डा व्यवस्थापन उप-समिति र वाल पेन्ट डिजाइन तथा अनुगमन उप-समिति समेत गठन गरिएको छ ।

बैठकबाट सम्वन्धित उप समितिहरुले तीन दिन भित्र आफ्ना उप-समितिहरुलाई पूर्णता दिइ प्रचार प्रसार समितिमा बुझाउने निर्णय समेत गरिएको छ । बैठकमा पार्टीका राजनीतिक समिति सदस्य शैलेन्द्र साह, जसपा मधेश प्रदेश समितिका अध्यक्ष बालकिशोर यादव, केन्द्रीय सदस्य धर्मेन्द्र मोरवैता लगायतको उपस्थिति रहेको थियो ।

# मृत फेला परेका युवक भारतीय

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको नगराईनमा मृत फेला परेका युवक भारतीय रहेको पहिचान खुलेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

सोमबार मृत फेला परेका भारतको बिहार राज्य मधुवनी जिल्लाको पहरा ग्रामपञ्चायत, झिकटैया थाना बासोपट्टी वडा नम्बर १ का ३२ वर्षीय मोहम्मद नवाउदिन रहेको धनुषा प्रहरीले जनाएको छ । धनुषाका प्रहरी प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक रञ्जन अवाले नवाउदिनको सोमबार विहान नगराइन नगरपालिका- २ स्थित जटहीमा रहेको आँपको बगैंचामा बेवारिसे शव फेला परेको पनि मंगलबार पहिचान खुलेको बताए ।

अत्याधिक मदिरा सेवनको कारण उनको मृत्यु भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ भने सो घटना विषयमा थप अनुसन्धान भइरहेको जनाइएको छ ।

Sanskar Public School
Janakpur-13, Kaward Hall Road
Vaccancy Anouncement

| Post | Subject | Qualification |
|---|---|---|
| Teacher | Nepali | Bechelor in Nepali |
| Teacher | Computer | Bechelor in Computer |
| Teacher | English | Bechelor in English |
| Teacher | Social | Bechelor in Social |

Contact No.:- 9801626026

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८